# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## पञ्चकन्या गाउँपालिका
## नुवाकोट

आर्थिक वर्ष २०७९/८०





महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## पञ्चकन्या गाउँपालिका

## नुवाकोट

आर्थिक वर्ष २०७९/८०




महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

पञ्चकन्या गाउँपालिका

नुवाकोट

आर्थिक वर्ष २०७९/८०

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)


राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

## महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। त्यसैगरी लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । लेखापरीक्षण गर्दा नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिईएको छ । यस स्थानीय तहको २०७९/८० को लेखापरीक्षणबाट देखिएका व्यहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रिया समेत विचार गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहिता लगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ । समय, जनशक्ति, स्रोतको उपलव्धता लगायतका सीमा रहेता पनि स्थानीय तह सम्म नै उपस्थित भई लेखापरीक्षण सम्पन्न गर्ने नीति लिइएको छ। यसै गरी लेखापरीक्षणको क्रममा स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग लेखापरीक्षणबाट देखिएका व्यहोरा उपर छलफल गरिएको छ।

यस वर्ष स्थानीय तहको लेखापरीक्षणबाट कार्यसम्पादनका लागि आवश्यक पर्ने कतिपय कानुन निर्माण हुन बाँकी रहेको, कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, प्रशासनिक तथा अनुत्पादक खर्चमा वृद्धि हुँदै गएको, एउटै योजना समेत टुक्र्याई कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरुको समेत परामर्शदाताद्वारा विस्तृत आयोजना प्रतिवेदन तयार गरी खर्च गरेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारी समेत नियुक्ति गरेको, आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदनमा सुधार गर्नु पर्ने देखिएको, सार्वजनिक सम्पत्ति संरक्षण र उपयोग प्रभावकारी रुपमा हुन नसकेको, स्थानीय तहमा लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजु फस्यौंट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा गर्न बाँकी रहेको जस्ता व्यहोरा देखिएका छन्। त्यस स्थानीय तहसँग सम्बन्धित व्यहोरा सहितको राय संलग्न गरिएको छ । एकै प्रकृतिका व्यहोराहरू वर्षेनी दोहोरिने गरेकोले वित्तीय अनुशासनमा अपेक्षित रुपमा सुधार हुन सकेको छैन । अतः लेखापरीक्षणबाट औंल्याएका ब्यहोराहरू उपर आवश्यक कारबाही गरी वित्तीय अनुशासन कायम गर्नुका साथै सेवा प्रवाहलाई प्रभावकारी बनाउन त्यस स्थानीय तहबाट थप पहल कदमी हुने विश्वास लिएको छु ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका पदाधिकारी तथा कर्मचारीप्रति आभार व्यक्त गर्दछु । साथै लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको लागि विशेष धन्यवाद व्यक्त गर्दछु ।

**तोयम राया**
**महालेखापरीक्षक**

**२०८१, जेठ**

महालेखापरीक्षकको कार्यालय
बबरमहल, काठमाडौं, नेपाल
प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय
बागमती प्रदेश

मितिः२०८१।०२।११

प.सं. २०८०।८१

च.नं. १४९

विषयः **लेखापरीक्षण प्रतिवेदन ।**

श्री अध्यक्ष ज्यू ,

पञ्चकन्या गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,

पञ्चकन्या, नुवाकोट ।

१. **कैफियत सहितको राय** - हामीले पालिकाको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण, त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरणको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेस भएको २०८० आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण र त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरण समावेश भएको वित्तीय प्रतिवेदनले यस पालिकाको वित्तीय कारोबार र प्रतिवेदनसँग सम्बन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

२. **कैफियत सहितको राय व्यक्त गर्ने आधार**

२.१. पालिकाले अन्तरसरकारी अख्तियारी, आन्तरिक आय तथा विविध कोष लगायतको वित्तीय विवरण महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरेर तयार गरेको छैन ।

२.२. लेखापरीक्षणबाट रू.१ करोड ८१ लाख ५६ हजार बेरुजू देखिएको छ । सो सम्बन्धमा रु.३३ लाख ९० हजारको प्रतिक्रिया प्राप्त भएकोमा सो उपर कारबाही भई बाँकी बेरुजु असुल गर्नुपर्ने रू.१४ लाख ३२ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रू. ३१ लाख ४२ हजार, नियमित गर्नुपर्ने रु.१ करोड २ लाख ५७ हजार र पेश्की बाँकी रु. ० र प्रतिक्रियाबाट थप भएको बेरुजु रु ६५ हजार समेत गरी यस वर्ष रु.१ करोड ४८ लाख ३१ हजार बेरुजू कायम रहेको छ । पञ्चकन्या गाउँपालिकाको गत वर्षसम्म रु. ६ करोड ९१ लाख ६० हजार बेरुजू बाँकी रहेकोमा सम्परीक्षणबाट रु ६५ लाख ५४ हजार फछ्र्यौट भइ हालसम्मको अद्यावधिक बेरुजू रु. ७ करोड ७४ लाख ३७ हजार रहेको छ । पञ्चकन्या गाउँपालिकाको बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको व्यहोरा यसैसाथ संलग्न छ ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम

गरिएको छ । वित्तीय प्रतिवेदन तयार गर्ने पञ्चकन्या गाउँपालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि प्रचलित कानुन र स्वीकृत आचारसंहिता अनुसार हामीले कार्य गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा हामी विश्वस्त छौं।

३. **अन्य व्यहोरा -** ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, बजेट व्यवस्थापन र राजस्व संकलन, सार्वजनिक खरिद व्यवस्थापन, कार्यक्रम स्वीकृति एवं कार्यान्वयन, उपभोक्ता समितिलाई अनुदान वितरण तथा अनुगमन र सेवा प्रवाहलगायतका विषयमा सुधार गर्नुपर्ने देखिएका छन् ।

४. **वित्तीय विवरण उपर व्यवस्थापन तथा पदाधिकारीको जिम्मेवारी -** नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी एकीकृत वित्तीय विवरण तयार गर्ने तथा गल्ती (Fraud) वा त्रुटिका कारणबाट वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी पञ्चकन्या गाउँपालिकाको व्यवस्थापनमा रहेको छ । पालिकाका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार हुनेछन् ।

५. **वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी -** वित्तीय प्रतिवेदन समग्रमा गल्ती (Fraud) वा त्रुटिका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो ।लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ । लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरेको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तरनिहित सीमाहरुका कारण वित्तीय विवरण वा आर्थिक कारोवारमा भएका सबै प्रकारका गल्ती (Fraud) वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका गल्ती (Fraud) वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

**( शंकर प्रसाद पन्थी )**

**नायब महालेखापरीक्षक**

# पञ्चकन्या गाउँपालिका,

# नुवाकोट,

## १. चालु वर्ष २०७९।८० को बेरुजु

### बेरुजु वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

(रु. हजारमा)

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फस्यौंट | | | प्रतिक्रिया बाट थप | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | रकम | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोध भर्ना नलिएको | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ६३ | १७६ | १८१५६ | ० | १०० | ३३९० | ६५ | ६३ | ७६ | १४८३१ | १४३२ | १०२५७ | ३१४२ | ० | ० | १३३९९ | ० |

## २. अद्यावधिक बेरुजु स्थिति (२०७९।८० सम्मको)

(रु. हजारमा)

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| नुवाकोट | ६९१६० | ० | ६५५४ | ६२६०६ | ० | १४८३१ | ७७४३७ |

## ३. बेरुजु सम्परीक्षणको विवरण

| क्र. सं | आर्थिक वर्ष | बेरुजुको दफा | छोटकरी व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| १ | | दफा नं १० | राजस्व बाँडफाँड | ८८५४१ |
| २ | | दफा नं ३१ | बढी भुक्तानी, आंशिक फछ्र्यौट | ९६२५ |
| ३ | | दफा नं ३८ | मेला व्यवस्थापन कार्य | १००००० |
| ४ | | दफा नं ४१ | एक शैक्षिक संस्था एक उद्यम कार्यक्रम | ५२५००० |
| ५ | | दफा नं ४४.४ | एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम | ४६१५१४ |
| ६ | | दफा नं ५६ | कर बिजक | ७९४०९१ |
| ७ | | दफा नं ५७.१ | स्थानीय भू उपयोग कार्यान्वयन समिति तथा अन्य कार्यक्रम सञ्चालन | १०२०० |
| ८ | | दफा नं ५७.३ | स्थानीय भू उपयोग कार्यान्वयन समिति तथा अन्य कार्यक्रम सञ्चालन | २५५० |
| ९ | २०७९।८० | दफा नं ६१ | अनुगमन भत्ता आंशिक फछ्र्यौट | १०००० |
| १० | (चालु वर्षको) | दफा नं ६७ | विद्यालय अनुदान | ३००००० |

| | | | | |
|---|---|---|---|---|
| ११ | | दफा नं ७७ | नापी किताब पेश नभएको | २१६६०३ |
| १२ | | दफा नं ८० | पदाधिकारी बैठक भत्ता | १०२०० |
| १३ | | दफा नं ८८.४ | सामाजिक सुरक्षा आंशिक फछ्र्यौट | २४०००० |
| १४ | | दफा नं ८८.५ | सामाजिक सुरक्षा | ५८०४५८ |
| १५ | | दफा नं ९२ | जनप्रतिनिधिको सामाजिक सुरक्षा कर | ४१२२० |
| | **चालु वर्षको जम्मा** | - | - | ३३९०००२ |
| | **गत विगत वर्षतर्फको** | - | - | - |
| | **२०७७।७८** | दफा नं १९ | पेश्की बाँकी | ६५५४२०० |
| | **कुल जम्मा** | - | - | **९९४४२०२** |

**पालिकाको अन्तिम लेखापरीक्षणको विवरण तल उल्लेख गरिएको छ ।**

# परिचय

## १ लेखापरीक्षण

**(क) कार्यालय परिचय :-** स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह—अस्तित्व र समन्वयलाई प्रवर्दन गर्नु र स्थानीय सरकारका काममा जनसहभागि ता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु यस पालिकाको उद्देश्य रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०७९।८० को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानूनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस कार्यालयको विनियोजन, राजश्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०७९।८० मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८०।५।३१ देखि २०८०।६।३सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति :-** पालिकाको आय-व्यय र प्राप्ति तथा भुक्तानीको स्थिति अनुसूची-१ मा संलग्न छ ।

**(छ) लेखापरीक्षणको क्रममा असुली :-** लेखापरीक्षणको क्रममा निम्नानुसारको रु.१७३१७४।०० असुल भइ दाखिला प्रमाण पेश भएको छ ।

| कार्यक्रम/ब.उ.शी.नं. | वापत | रकम | मिति | दाखिला भएको बैङ्क |
|---|---|---|---|---|
| संघीय सशर्त चालु | कार्यालय समयमा बैठक भत्ता, ११७।०८०।१।२८ | ८५०० | २०८०।६।२३ | नेपाल बैंक लिमिटेड |
| संघीय सशर्त चालु | महिला स्वास्थ्य स्वयंसेबिकाहरुको पोषाक भत्तामा सा सु कर कट्टी, १०५।०७९।१२।२८ | ७२०० | २०८०।६।२३ | नेपाल बैंक लिमिटेड |
| संघीय सशर्त चालु | बढी दरमा बैठक भत्ता, ११४।०८०।१।१४ | ३०६१० | २०८०।६।२३ | नेपाल बैंक लिमिटेड |
| संघीय सशर्त चालु | क्षयरोग कार्यक्रम डाटा इन्ट्रि गरेबापतको भत्ता , १६३।०८०।३।१४ | २०४०० | २०८०।६।२३ | नेपाल बैंक लिमिटेड |
| | कार्यालय समयमा वैठक भत्ता ११७।०८०।१।२८ | २१२५० | २०८०।६।२४ | नेपाल बैंक लिमिटेड |
| | बढी भुक्तानी | ३७५० | २०८०।७।२० | नेपाल बैंक लिमिटेड |
| | बढी भुक्तानी | ४७६० | २०८०।७।२० | नेपाल बैंक लिमिटेड |
| | बढी भुक्तानी | ११९० | २०८०।७।२० | नेपाल बैंक लिमिटेड |
| | बढी भुक्तानी | ११९० | २०८०।६।२३ | एन आई सि एसिया |
| | बढी भुक्तानी | २८९०० | २०८०।६।२३ | एन आई सि एसिया |
| | आन्तरिक आय | २०००० | २०८०।६।२३ | एन आई सि एसिया |
| | अनुगमन भत्ता | २३००० | २०८०।८।१ | नेपाल बैंक लिमिटेड |
| | पारिश्रमिक कर | २४२४ | २०८०।६।२२ | एन आई सि एसिया |

## लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

## २ वित्तीय बिबरणको परीक्षण

२.१ **वित्तीय प्रतिवेदन -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) सम्बन्धमा निम्नअनुसार देखिएको छः

**(विस्तृत विवरण अनुसूची -३ मा संलग्न छ ।)**

२.२ **वित्तीय विवरणको यथार्थता -** पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) तयार गर्नुपर्छ । पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु.८८२०५१२८, एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रमको रु.२९३३७९१३, र प्रशासकिय भवन पूर्वाधार विकास कार्यक्रमको रु. ११९००००० समेत गरी रु १२९४४३०४१।०० सुत्रमा लेखाङ्कन गरेको छैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

२.३ **फरक हिसाब —** यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहायअनुसार गत वर्षको जिम्मेवारी रु. २९२२५६५।७१, यस वर्षको प्राप्ति रु. १५९४२३५०४।९७, यस वर्षको भुक्तानी रु.- १६२४०६१०७ र बैङ्क मौज्दात रु. ३११८१ फरक परेको छ । सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७२ ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ ।

**एकीकृत आय-व्यय विवरण**
**आ.व २०७९/८०**
**पञ्चकन्या गाँउपालिका**

| सि.नं | आयतर्फ | | सि.नं | व्ययतर्फ | |
|---|---|---|---|---|---|
| | विवरण | रकम | | विवरण | रकम |
| १ | गत वर्षको जिम्मेवारी | ६१७०१८९८।७१ | १ | चालु खर्च | २६१८८१०८५।७ |
| | क) नगद | | २ | पूँजीगत खर्च | १५०९०३५२७ |
| | ख) बैंक | ५३६८९८२१ | ३ | वित्तिय व्यवस्था भुक्तानी | |
| | ग धरौटी | ७४७४६७०।५ | | | |
| | घ प्रकोप व्यवस्थापन कोष | ५३७४०७ | | | |
| २ | राजस्व ( आन्तरिक आय) | ७६०२६६१५।६८ | ४ | प्रकोप व्यवस्थापन कोष | ३५१२०६ |
| | क) आन्तरिक राजस्व | ७४७२७१०।३ | ५ | विविध खर्च खाता | ६८४६३५८ |
| | ख) राजस्व बाँडफाँड | ६८५५३९०५।३८ | | | |
| | ग) अन्य आय | | ६ | धरौटी फिर्ता | २८१३०५० |
| ३ | वित्तिय हस्तान्तरण संघ | २६०१६१००० | ७ | मौज्दात | |
| | क) वित्तिय समानीकरण अनुदान | ७९३६५००० | | क) बैंक मौज्दात | १७९२०५६५।०२ |
| | ख) सशर्त अनुदान | १६२७९६००० | | ख) नगद मौज्दात | |
| | ग) समपूरक अनुदान | ८००००००० | | ग) धरौटी मौज्दात | १०२५४६४५।८५ |
| | घ) विशेष अनुदान | १०००००००० | | घ कोष खाताको मौज्दात विविध कोष | ७४४९१६।७९ |
| ४ | प्रदेश सरकारबाट प्राप्त अनुदान | ६५२३१००० | ८ | शसर्त अनुदान फिर्ता | २६११६७०८।८६ |
| | क) वित्तिय समानीकरण अनुदान | ७३३२००० | ९ | प्रशासकीय भवन पूर्वाधार कार्यक्रम | ११९००००० |

| | | | | | |
|---|---|---|---|---|---|
| | ख) सशर्त अनुदान | २४०३२०९० | १० | एकिकृत स्वास्थ्य पूर्वाधार कार्यक्रम | २९३३७३१९ |
| | ग) समपुरक अनुदान | २९८६६९१० | ११ | सामाजिक सुरक्षा | ८८२०५१२८ |
| | घ) विशेष अनुदान | ४०००००० | | | |
| ५ | अन्य | | | | |
| | क) विविध खर्च | ७६८६९८० | | | |
| ६ | विभिन्न कोषतर्फको आय | | | | |
| | क विविध कोष खाता | ७४४९१६।७९ | | | |
| | ख) प्रकोप व्यवस्थापन कोष | ३१४३७४५ | | | |
| ७ | विविध खर्च खाता | ७२३०८५।५ | | | |
| ८ | धरौटी आय | ५५९२८२५ | | | |
| ९ | एकिकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम | २९३३७९१३ | | | |
| १० | प्रशासकीय भवन पूर्वाधार कार्यक्रम | ११९००००० | | | |
| ११ | सामाजिक सुरक्षा | ८८२०५१२८ | | | |
| | जम्मा | ६१०४५५१०४।२ | | जम्मा | ६१०४५५१०४।२ |

| विवरण | गतवर्षको जिम्मेवारी | यसवर्षको प्राप्ति | यसवर्षको भुक्तानी | बैङ्क मौज्दात |
|---|---|---|---|---|
| सुत्र अनुसारको वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) | ५८७७९३३३ | ३८९३२९७०० | ४१९१२८८६९ | २८९५१३०८ |
| एकीकृत आर्थिक विवरणअनुसार | ६१७०१८९८।७१ | ५४८७५३२०४।९७ | ५८१५३४९७६।५२ | २८९२०१२७ |
| फरक | २९२२५६५।७१ | १५९४२३५०४।९७ | -१६२४०६१०७ | ३११८१ |

२.४ **फरक जिम्मेवारी -** पालिकाले आफ्नो कारोबारको जिम्मेवारी भिडान गरी हिसाब यकिन गर्नुपर्दछ । पालिकाको गतवर्षको लेखापरीक्षण प्रतिवेदनअनुसार रु.५९०११८१६।०६ मौज्दात रहेकोमा यो वर्ष रु. ६१७०१८९८।७१ जिम्मेवारी सारेको छ । जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु.२६९००८२।६५ बढी जिम्मेवारी सारेको सम्बन्धमा पालिकाले यकिन गर्नुपर्दछ ।

२.५ **सञ्चित कोषमा जम्मा (ट्रान्सफर) -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७५ बमोजिम एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्तमा स्थानीय तहको सञ्चित कोषमा स्थानान्तरण गर्नुपर्ने व्यवस्था छ। आर्थिक वर्ष समाप्त पश्चात पनि पालिकाको चालु खर्च खाता, पुँजीगत खाता, आन्तरिक राजस्व खाता, र राजस्व बाँडफाँड खाता समेतमा रु. ३१२१४२१६।७१ मौज्दात रहेको पाइयो । तोकिएको समयमा सो रकम सञ्चित कोषमा जम्मा (ट्रान्सफर) गरी हिसाब मिलान गर्नुपर्दछ ।

२.६ सुत्र अनुसार गत वर्षको वाकि मौज्दात् रु ६,२२,५१,६५७.०६रहेकोमा यस वर्ष रु५,८७,५०,४७६.११ मात्र जिम्मेवारी सारेको छ । यसरी कम जिम्मेवारी सारेको रु ३५०११८०।९५ का सम्वन्धमा पालिकाले यकिन गर्नुपर्दछ ।

२.७ **बैक हिसाब मिलान—**स्थानीय तह सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ । सो बमोजिम मासिक रुपमा स्रेस्ता र बैक खाताको हिसाब मिलान विबरण तयार गर्नुपर्नेमा सुत्रको अनुसुचि २४ अनुसार खाता र वैंक अनुसारको रकम फरक देखिएको सम्वन्धमा पालिकाले यकिन गर्नुपर्दछ ।

| खाताको प्रकार | खाता अनुसार बाकी रु | बैंक अनुसार बाकी रु |
|---|---|---|
| ग १.१, आन्तरिक राजस्व खाता | ५,९०,३८८.०० | ०.०० |
| ग १.२, बाँडफाँडबाट प्राप्त राजस्व खाता | २०,४६,७४६.८४ | ०.०० |
| ग १.३, आन्तरिक अनुदान खाता | ०.०० | ०.०० |
| ग २.२, चालू खर्च खाता- जोर वर्ष | ७९,८९,०१४.१४ | ०.०० |
| ग २.४, पुँजीगत खर्च खाता- जोर वर्ष | ७८,०६,९८५.२९ | ०.०० |
| ग ३.१, स्धानीय तह धरौटी खाता | १,०२,७९,६४५.८५ | ०.०० |
| ग ४.१, स्थानीय तह सञ्चित कोष खाता | ४०.०० | ०.०० |
| ग ६.१, स्थानीय तह विभाज्य कोष खाता | ८८,५४१.०० | ०.०० |
| ग ७.२, स्थानीय तह प्रकोप व्यवस्थापन कोष खाता | १,४९,९४६.५५ | ०.०० |

| | | |
|---|---|---|
| जम्मा | २,८९,५१,३०७.६७ | ०.०० |

२.८ **अनुदान फिर्ता —** संघीय एवं प्रदेश सरकारको कानून एवं कार्यविधि बमोजिम ती निकायबाट स्थानीय तहमा प्राप्त हुने वित्तीय समानिकरण वाहेकका अनुदान वर्षभरी खर्च नभई बाँकी रहेको अवस्थामा सम्बन्धीत निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ । प्राप्त विवरण (सुत्रको अनुसूची १२ र २१) अनुसार २०८० असार मसान्तमा अनुदान रकम खर्च नभई बाँकी रहेकोमा फिर्ता गरेको पाइएन । खर्च नभई बाँकी रहेको संघीय सरकार तथा प्रदेश सरकारबाट प्राप्त गरेको सशर्त अनुदानमध्येबाट खर्च हुन नसकी पालिकाको खातामा नै बाकी रहेको रु ५४०९० प्रदेश शसर्त अनुदान प्रदेश सञ्चित कोष खातामा दाखिला गर्नुपर्ने भनि औल्याईएकोमा लेखापरीक्षणको क्रममा मिति २०८०।६।१८ मा नेपाल वैंक लिमिटेड त्रिशुलि शाखामार्फत् फिर्ता दाखिला गरेको प्रमाण पेश भएको छ ।

## ३ आन्तरिक नियन्त्रण प्रणाली

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ । पालिकाले त्यस्तो प्रणाली तयार गरी लागू गरेको पाईएन। जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था छैन । यस सम्बन्धमा देखिएका केही व्यहोराहरु देहायबमोजिम रहेका छन

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगाबै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्यून तम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४ (२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा सार्वजनिक खरिद नियमावली वनाएको पाईएन ।

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ८ मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन।

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।

• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यिवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन।

• संस्था दर्ता ऐन, २०३४ दफा ३ पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न सम्झौता गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ।

• मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६क मा ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई दिएको पाइएन ।

• पालिकाले २०७९।८० को अवधिमा भएको आफ्नो आर्थिक कारोवारको अनुसुची २११ वमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।

• स्थानीय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक खडा गरेको देखिएन ।

• दिगो बिकास योजना (२०१५-३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकी मुल्याङ्कन गर्ने कार्य भएको देखिएन ।

• राजस्व संकलन सम्बन्धमा सूचना प्रबिधिको प्रयोग गरी सबै कारोबार बैकिङ्ग प्रणाली मार्फत गर्ने गरेको देखिएन ।

• जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन ।

• स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन ।

• पालिकाले आयोजना कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्नेमा सो नगरेको र लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन ।

• सञ्चालित योजनाको सूचना पाटीमा आय—व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनुपर्नेमा अधिकांशतः पालना भएको पाईएन ।

• वातावरणको संरक्षणको एकिकृत दिर्घकालीन योजना तयार गरेको पाइएन ।शहरीकरण भैरहेका स्थानलाई मध्यनजर राख्दै फोहोरमैला ब्यबस्थापन स्थल पहिचान एबं कार्ययोजना तयार गरेको पाईएन ।

• कुनै रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन ।

• निर्माण कार्यको लागत अनुमान तयार गरेको जनाएकोमा केही निर्माण कार्यको श्रेस्तासँग लागत अनुमान तथा दर विश्लेषण साथमा संलग्न गरेको पाईएन ।

• पालिकाले कन्टिन्जेन्सी रकम खर्च गर्ने सम्वन्धमा कुनै मापदण्ड बनाएको छैन । कन्टेन्जेन्सी रकम मध्ये दैनिक भ्रमण भत्ता र गाडी भाडामा अत्याधिक खर्च गर्ने गरेको छ । दैनिक भ्रमण भत्ता खर्च गरेकोमा भ्रमण अभिलेख खाता राखेको र भ्रमण प्रतिवेदन दिने गरेको छैन ।

• विजुली महसुल समयमै नतिर्दा जरिवाना समेत थप खर्च भएको ।

• तलवी प्रतिवेदन पारीत नगरेको

• भ्रमण भत्ता भुक्तानी भएकोमा पालिकाले दैनिक भ्रमण अभिलेख खाता अद्यावधिक नगरेको

उपर्युक्तानुसार स्थिति देखिँदा पालिकाले आन्तरिक नियन्त्रण निर्देशिका जारी नगरेकोले आन्तरिक नियन्त्रण प्रणाली तत्काल तयार गरी सुदृढ खरिद व्यवस्थापन, समग्र वित्तीय कारोवारको लेखांकन एवं प्रतिवेदन गरी प्रतिस्पर्धी, पारदर्शी र मितव्ययी कारोवार गर्न गराउन तोकिए बमोजिम प्रभावकारी र विश्वाशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउन आवश्यक देखिन्छ ।

## ४ आन्तरिक लेखापरीक्षण

स्थानीय तह सञ्चालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताको आधारमा प्रत्येक त्रैमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । तर पालिकामा आन्तरिक लेखापरीक्षक कुमार उपाध्याय वहाल भएतापनि यस वर्षको आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गरेको पाईएन । कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गरी आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ ।

## ५ पालनाको लेखापरीक्षण

५.१ आवधिक योजना — स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक योजना बनाई लागू गर्नेमा यस पालिकाले आवधिक योजना तयार गरेको छ। आवधिक योजना नहुँदा पालिकाले वार्षिक बजेट तथा कार्यक्रम तयार गर्दा आवधिक योजनाका दीर्घकालीन विषयलाई भन्दा सालवसाली विषयहरुलाई समावेश गरेको देखिन्छ । स्थानीय तहको समग्र विकासका लागि आवधिक योजना तर्जुमा गरी कार्यान्वयन गर्नुपर्दछ ।

५.२ बजेट सीमा निर्धारण समिति : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको भएता पनि ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धीत पदाधिकारीको ध्यान जानुपर्दछ ।

५.३ बजेट तथा कार्यक्रम तर्जुमा : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

५.४ बजेट पेश, पारित र अख्तियारी — स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाको उपप्रमुखले मिति २०७९।३।१० मा रु. ४५ करोड १ लाखको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०७९।३।११ मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले मिति २०७९।३।१७ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।आर्थिक वर्ष भित्र सम्पन्न गरिसक्ने गरी बजेट, कार्यक्रम र योजना व्यवस्थापन गर्नु पर्दछ ।

५.५ बजेट अवण्डा — स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय—व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ। यस पालिकाले यो वर्ष आकस्मिक रूपमा आइपर्ने समाजिक, पूर्वाधार, वातावरण तथा विविध व्यवस्थापन र संस्थागत विकास, सेवा, प्रवाह सुशासन सम्बन्धी योजनाहरुको लागी पूजिगत तर्फ मात्र रु.१ करोड अबण्डा बजेट व्यवस्था गरी ६४ योजनामा रु.९९ लाख खर्च गरेको छ । बजेट अबण्डामा राखी कार्यपालिकाको निर्णयबाट खर्च गर्ने गरेको देखिन्छ । जसले गर्दा वित्तीय अनुशासन र पारदर्शिता कायम भएको छैन । तसर्थ बजेट खर्चलाई पारदर्शिता र पद्धतिमा आधारित बनाउनुपर्दछ ।

अवण्डा बजेटबाट पालिकाले समय समयमा छुट्टै निर्णय गरी कार्यान्वयन गरेका केही योजनाका उदाहारण देहाय अनुसार छन् :

| क सं | योजनाको नाम | बजेट / खर्च |
|---|---|---|
| १ | सरोज कुमार खाती लाइ चिया खेती अवलोकन,अध्ययन भ्रमण | १२००२० |
| २ | फर्निचर खरिद | ९७५७५५ |
| ३ | प्रगतिशिल महिला भवन निर्माण उपभोक्ता समिति | ४८०००० |
| ४ | सातबिसे कंकेश्वरी मंगला सडक संरक्षाण उ.स. | १७७६०० |

| | | |
|---|---|---|
| ५ | भुमि वर्गिकरण कार्य | ५९९४६५ |

५.६ योजना प्राथमिकीकरण - स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धीत अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। तर पालिकाले पेश गरेको विवरण अनुसार आर्थिक वर्ष २०७९।८० मा वडागत र पालिकास्तरका कुल २२४ योजनामा वजेट विनियोजन गरेको छ।

| कार्यक्रमको नाम | योजना सङ्ख्या | रु.२० लाखमाथिका योजना सङ्ख्या | रु.५ लाखदेखि २० लाख सम्मका योजना | रु.५लाखभन्दा कमका योजना सङ्ख्या |
|---|---|---|---|---|
| वडा तथा पालिका स्तरीय | २२४ | २० | ३६ | १६९ |

उपर्युक्त विवरणअनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनावाट दीर्घकालिन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ ।त्यसैगरी यो वर्ष सभाले पारित गरेका योजना मध्ये औषत ९० प्रतिशत सम्म प्रगति तथा कार्यान्वियन भएको पाईयो । तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ ।

५.७ वार्षिक खरिद योजना/गुरुयोजना : सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले वार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु. १९ करोड २१ लाख पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम वार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

## ६ स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोत

अन्तर्गत खानी, जंगल तथा अन्य स्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहित पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको सङ्कलन र अभिलेख राख्ने कार्य गर्नपर्दछ ।

## ७ आय अनुमान

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु. २४३४८७०४ प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७९।८० मा रु. ८६५१२२१अर्थात अनुमान भन्दा ३५ प्रतिशत कम आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।

| आय शीर्षक | अनुमान | असुली | असुली प्रतिशत |
|---|---|---|---|
| भुमि कर मालपोत | १४९८००० | २७३००५७ | १८२ |
| वहाल कर | ३०००० | ३०००० | १०० |
| व्यवसायले भुक्तानि गर्ने | ७२५००० | ७२५००० | १०० |
| अन्य संस्थागत आन्तरिक अनुदान | १७०००००० | ० | ० |
| अन्य सेवा शुल्क तथा विक्रि | २५००००० | २१९७१०२ | ८८ |
| अन्य प्रशासनिक सेवा शुल्क | २३५६७०५ | २४९२९३१ | १०६ |
| नक्सापास दस्तुर | ३०००० | १०००० | ३३ |
| शिफारिस दस्तुर | १७४००० | ४२६१३३ | २४५ |
| व्यक्तिगत घटना दर्ता दस्तुर | ३५००० | ४०००० | ११४ |
| जम्मा | २४३४८७०४ | ८६५१२२१ | ३५ |

## ८ आन्तरिक आय

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०७९।८० मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

| केन्द्रीय अनुदान | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| ३८९६०४०४१ | ७४७२७१० | १.९२ |

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा १.९२ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

## ९ कर तथा शुल्क असुली

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा असुली स्थिति शुन्य रहेको देखिन्छ ।

पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली शुन्य भएको पालिकाले जनाएको छ । तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायरामा ल्याउनु पर्दछ।

## १० राजश्व बाँडफाँड

✂ ..........*(प्रारम्भिक प्रतिवेदन उपर बेरुजुको प्रमाण पेश भएको आधारमा मिति २०८१।१।२३ को निर्णयबाट रु.८८,५४१। सम्परीक्षण गरिएको ।)*

## ११ राजश्व अभिलेख

कार्यालयले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । पालिकाबाट रसिद ठेलिहरु छपाई गरेर वडा कार्यालयमा पठाउने गरेकोमा सोको पुरा अभिलेख पालिकामा आएको देखिएन । अघिल्लो आ.व.को बाँकी के कति छन एकिन गर्न सकिएन । कार्यालयबाट सवै वडाहरुमा पनि स्वचालित प्रणालि जडान गरी राजस्व सङ्कलन गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ । यसले गर्दा व्यक्तिहरुले छुट्टै रसिद छपाउने जोखिम विद्यमान रहन्छ । यसको सम्बन्धमा तहाँ पालिकबाटै एकिन गर्नुपर्दछ । अतः पालिकले आगामी दिनमा रसिद नियन्त्रण तथा राजश्व असूलीलाई स्वचालित प्रणाली मार्फत व्यवस्थापन सम्बन्धमा विशेष ध्यान पुऱ्याउनुपर्ने देखियो ।

## १२ व्यवसाय कर

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था रहेको छ । यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत रु.७२५००० कर सङ्कलन गरेकोमा पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको छैन । जसबाट पालिकाले सङ्कलन गरेको व्यवसाय कर यथार्थ एकिन गर्न सकिएन । तसर्थ पालिकाले क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ ।

## १३ विपद् व्यवस्थापन कोष

१३.१ विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७ मा प्रत्येक स्थानीय तहले गाउँपालिकाको अध्यक्ष वा नगरपालिकाको प्रमुखको अध्यक्षतामा बढीमा पन्ध्र जना सदस्य रहेको स्थानीय विपद् व्यवस्थापन समिति गठन गर्नु पर्ने व्यवस्था रहेको छ ।विपद् व्यवस्थापन कोष सञ्चालन कार्यविधि २०७९ को बुदा नं १३ विपद्बाट भएको क्षति र प्रभावको मूल्यांकन स्थानीय तहबाट सम्बन्धीत विषयमा दक्ष जनशक्ति सहितको कार्यदलबाट गर्नुपर्ने व्यवस्था छ ।साथै कार्यदलले विपद् विस्तारको प्रभावको अवस्था प्रभावित र क्षतिको विवरण सहितको प्रतिवेदन सम्बन्धीत तहको विपद् व्यवस्थापन समितिमा पेश गर्नुपर्ने र समितिले आवश्यक निर्णय गर्ने व्यवस्था रहेको छ ।पालिकाले ऐन वमोजिमको समिति गठन नगरी पालिका प्रमुखको तोक आदेशमा विपद् वाट भएको क्षतिको कार्यविधि बमोजिमको कार्यदल गठन नगरी स्थानीय विपद् कोषबाट राहत वितरण गरेको देखियो।

१३.२ क) विपद् व्यवस्थापन कोष सञ्चालन कार्यविधि, २०७९ को बुदा नं १८ मा कोषमा मौज्दात रहेको कुल रकममध्ये विपद् प्रतिकार्यका लागि कम्तिमा तीस प्रतिशत रकम रहने गरी छुट्याइ विपद् जोखिम न्यूनीकरण प्रतिकार्यको पुर्व तयारी पुनः निर्माण तथा पुनस्थापनाका लागि वढिमा सत्तरी प्रतिशत रकम कार्यकारी समितिको स्वीकृतिमा खर्च गर्न सकिने व्यवस्था छ । पालिकाले विपद् व्यवस्थापन कोषको रकम खर्च गर्दा उल्लेखित मापदण्ड विपरित कोषमा रहेको रु ३५३१२०६ मध्ये रु ६२०१ रुपैया मात्र राखी वाँकी सवै रकम खर्च गरेको छ । नियममा भएको व्यवस्था अनुसारमा कार्यविधिको पालना गर्नुपर्ने देखिन्छ ।

१३.३ ख) सोही कार्यविधिको वुदा नं २० मा कोषको रकम पारिश्रमिक तलव भत्ता भ्रमण खर्च गर्न तथा विपद् सँग सम्बन्धीत विषयमा खर्च गर्ने वाहेक कसैलाइ आर्थिक सहायता उपलब्ध गराउन नहुने व्यवस्था छ ।पालिकाले एम्वुलेन्स चालक कृष्णवहादुर तामाङलाई तलव बापत रु ३,२१,१२६, सडक मर्मतको लागि सहरेटार सडक मर्मत सम्भार उपभोक्ता समिति र सातविसे मंगलास्थान कुलकुले हिले धाविटार उदयजालपा सडक मर्मत उ स लाई रु ४,२७,२०० र शिखर कार डेकोरेसन सँग फर्निचर खरिद गरेको रु ३,२०,६९४ उल्लेखित मापदण्ड विपरित गरेको खर्च गरेको नियमित नदेखिएको रु

| | |
|---|---|
| अनियमित भएको | १०,६९,०२० |

## १४ क्षेत्रगत बजेट र खर्चको स्थिति

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७९।८० को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| क्र.स | क्षेत्र | बजेट | खर्च | खर्च प्रतिशत | |
|---|---|---|---|---|---|
| | | | | क्षेत्रगत | जम्मा खर्चको तुलनामा |
| १ | आर्थिक विकास | २५८३०००० | १९२६७०५१ | ७५ | ५ |
| २ | पूर्वाधार विकास | १५१९९२००० | ११३१४०७३७ | ७४ | २७ |
| ३ | सामाजिक विकास | २१९१३२००० | १९०३३६२८३ | ८७ | ४६ |
| ४ | बातावरण तथा विकास | | | | |
| ५ | संस्थागत विकास, सेवा प्रवाह र सुशासन | १२१५७००० | १११२११८० | ९२ | ३ |
| ६ | अन्य कार्यालय संचालन तथा प्रशासनिक | ८४५५३५२७ | ७८९१९३६२ | ९३ | १९ |

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक सेवामा सबैभन्दा बढी ४६.१४ प्रतिशत र संस्थागत विकास, सेवा प्रवाह र सुशासन मा सबै भन्दा घटी २.६९ प्रतिशत रहेको छ ।

## १५ त्रैमासिक पूँजीगत खर्च

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण वनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ ।

| बजेट उपशिर्षक | कुल खर्च | चौमासिक खर्च | | | आषाढ महिनाको खर्च |
|---|---|---|---|---|---|
| | | प्रथम | दोस्रो | तेश्रो | |
| पुँजीगत खर्च | १५०९०३५२७ | ४३३८०७० | २८५८९३८८ | ११७९७६०६९ | ६५१५८७५९ |
| प्रतिशत | १०० | ३ | १९ | ७८ | ४३ |

पालिकाले उपलब्ध गराएको विवरणअनुसार वार्षिक रु.१५ करोड ०९ लाख निकासा भएकोमा प्रथम चौमासिकमा ३ प्रतिशत, दोस्रो चौमासिकमा १९ प्रतिशत र तेस्रो चौमासिकमा ७८ प्रतिशत खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र ३८ प्रतिशत खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ

। वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

## १६ खर्च विश्लेषण

पालिकाले यसवर्ष कुल आन्तरिक आयबाट रु ७४७२७१०।३० राजस्व बाँडफाँड र अनुदानबाट रु ३९३९४५९०५ समेत रु ५४८७५३२०४।९७ आम्दानी भएकोमा चालुतर्फ रु २६१८८१०८५।६६ र पूँजिगततर्फ रु १५०९०३५२७ र वित्तीय व्यबस्था तर्फ रु १६८७५०३६३।८६ समेत रु ५८१५३४९७६।५२ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा १.२९ प्रतिशत रहेको छ । यसवर्ष पदाधिकारी सुबिधामा रु ६८६६७५० खर्च भएको छ जुन आन्तरिक आयको ९२ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ४५ प्रतिशत चालु र २५ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्यून खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

## १७ पदाधिकारी सुविधा

स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐन, २०७५ को दफा ३ मा स्थानीय तहका पदाधिकारी र सभाको सदस्यले आफु निर्वाचित भई अनुसूची—२ बमोजिम पद तथा गोपनीयताको शपथ लिई आफ्नो पदको काम कारबाही शुरु गरेको मितिबाट मासिक सुविधा बापत पाउने व्यवस्था गरेकोमा सम्मानित सर्वोच्च अदातलको आदेशले २०७६ कार्तिक १ गतेबाट लागू हुने गरी उक्त सुविधाहरु खारेज गरेको छ । जस अनुसार बाग्मति प्रदेश सरकारले स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धि ऐनको प्रथम संशोधन गरी राजपत्रमा प्रकाशन गरेको उक्त स्थानीय तहका पदाधिकारी सुविधा सम्बन्धी ऐनको अनूसूची १ मा उल्लेख भएको सूविधामा रु ६८ लाख ६७ हजार खर्च लेखेको देखिन्छ।

| सि.नं | विवरण | प्रमुख/ अध्यक्ष | उपप्रमुख/ उपाध्यक्ष | वडाअध्यक्ष ५ जना | कार्यपालिका सदस्य ६ | सभाका सदस्य १५ | जम्मा |
|---|---|---|---|---|---|---|---|
| 1 | बैठक भत्ता | १६१५० | १६१५० | १७६५८७५ | २९०७०० | ७४५८७५ | २८३४५० |
| 2 | यातायात खर्च | | | | | २७०००० | २७०००० |
| 3 | टेलिफोन,मोबाइल | ३६००० | ३६००० | १२०००० | १०८००० | १८०००० | ४८०००० |
| 4 | पुस्तक,पत्रीका, | २४००० | २४००० | ६०००० | ७२००० | १८०००० | ३६०००० |
| | ईन्टरनेट | | | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| 5 | समन्वय तथा सहजीकरण | १२०००० | १२०००० | ४२०००० | १४४००० | | ८०४००० |
| 6 | अतिथि सत्कार | १०८०००० | ६०००० | ४२०००० | १४४००० | २७०००० | १००२००० |
| 7 | खानेपानी/बिजुली | ३०००० | ३०००० | ६०००० | ३६००० | ९०००० | २४६००० |
| | | | | | | | |
| 8 | खाजा खर्च | ६०००० | ६०००० | १८०००० | १०८००० | २७०००० | ६७८००० |
| 9 | | ३०००० | ३०००० | ६०००० | ७२००० | | १९२००० |
| | | | | | | | |
| | सरसफाई | | | | | | |
| | जम्मा | ४२४१५० | ३७६१५० | ३०८५८७५ | ९७४७०० | २००५८७५ | ६८६६७५० |

१८ **प्रशासकीय संगठन र जनशक्ति व्यवस्थापन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ तथा बागमती प्रदेश "स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ५१ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशाकीय अधिकृत सहित ३० जना पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका प्रशासन तथा कृषि अधिकृत सहित १४ पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ ।

१९ **ठेक्का अभिलेख**

सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न.५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले कूल गर्नुपर्ने कार्य, हाल सम्म भएको कामको परिमाण, मूल्य, कार्य सम्पादन जमानत, पेश्की ग्यारेन्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएशन लगायतको जानकारी उपलब्ध हुन्छ। यस कार्यालयले उक्त विवरण देखिने गरी अद्यावधिक अभिलेख राखेको पाईएन ।अतः स्वीकृत ढाचा अनुसार सवै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी अझै प्रभावकारी बनाउनुपर्ने देखिन्छ ।

## २० सफ्टवेयर खरिद

नेपाल सरकारको सूचना प्रविधि प्रणाली (व्यबस्थापन तथा सञ्चालन) निर्देशिका, २०७१ को बुँदा नं.४.१ मा कुनै सरकारी निकायले आफ्नो कार्य विद्युतीय माध्यमबाट सञ्चालन गर्नका लागि प्रयोग गर्ने सूचना प्रविधि प्रणालीको निर्माण गर्दा त्यस्तो प्रणाली सम्बन्धी कागजात तयार गरी मानक अनुरुप भए नभएको निर्धारण गर्न सूचना प्रविधि विभागबाट स्वीकृत गराउन पर्ने व्यबस्था रहेको छ । स्थानीय तहले सम्बन्धी सडक डिजाईन सम्वन्धि सफ्टवेयर खरिद गरी रु.२५०००० खर्च गरेकोमा खरिद भएका सफ्टवेयरको सूचना तथा प्रविधि विभागबाट स्वीकृत लिएको देखिएन । यस्ता सफ्वेयर स्वीकृति लिई प्रयोग गर्नुपर्दछ

## २१ वीमा

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ मा खरिद सम्झौतामा अन्यथा उल्लेख भएकोमा बाहेक बीस लाख रुपैयाँ भन्दा बढीको निर्माण कार्य गर्दा विमा गराउनु पर्ने व्यवस्था छ । पालिकाले निम्नानुसारका योजनाहरु निर्माण गर्न व्यवस्था गरिएका कार्यहरुमा व्यक्तिगत दुर्घटना, उपकरण र गरिने कामको वीमा गर्नुपर्नेमा निर्माण व्यवसायीले गर्ने काममा विल अफ क्वाण्टिटिमा विमा व्यवस्था गरेपनि उपभोक्ता समितिहरुले गर्ने कुनै पनि काममा विमा सम्बन्धी प्रावधान नै राखेको देखिएन । निर्माण कार्यको जोखीम न्यूनीकरणमा असर पर्न नदिन नियम वमोजिम वीमा गराउने कार्य अनिवार्य गर्नुपर्दछ ।

| सि नं | योजनाको नाम | लागत अनुमान | सम्झौता रकम |
|---|---|---|---|
| १ | लाकुरीवोट घ्याङ्गस्वारा सडक स्तरोन्नति उपभोक्ता समिति | ३७०४४०८ | ३३६०००० |
| २ | घट्टेखोला मुहान बरुटोल सिचाई उपभोक्ता समिति | २६४०७८९ | २४००००० |

## २२ प्राविधिक विल र कार्य सम्पन

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाको ठेक्का बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्म्स अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाईएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकिन हुन नसकिएको हुँदा प्राविधिकले इन्जिनियरिङ नर्म्स अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ ।

## २३ लागत सहभागिता

पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने, नगद सहभागिता तोकिएको अवस्थामा सहभागिता वापतको रकम सम्बन्धीत स्थानीय तहको खातामा दाखिला गरी सो को भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नुपर्ने गर्नुपर्दछ । तर पालिकाले लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन् । अतः नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ ।

## २४ जिन्सी निरीक्षण

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ । पालिकाले यस वर्ष जिन्सी निरीक्षण गराई प्रतिवेदन तयार गरेको भएता पनि नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण गराई सोको आधारमा मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापनलाई प्रभावकारी वनाउनु पर्दछ ।

## २५ जिन्सी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ । महालेखा नियन्त्रक कार्यालयले २०७७।८।७ मा २०७७।९।७ भित्र सवै तहका कार्यालयहरुलाइ २०७६।७७ सम्मको मौज्दात प्रबिष्टि र जिन्सी निरीक्षण फारम अनिवार्य रुपमा (PAMS)मा प्रविष्ट गर्ने र अनिवार्य रुपमा (PAMS) मा सरकारी सम्पत्तीको लेखाङ्कन गर्न परिपत्र गरेको छ । यस सम्बन्धी देखिएको व्यहोरा निम्नानुसार छः

- कार्यालयले गत विगत वर्षको मौज्दात रहेका र यस वर्ष खरिद भएका समानहरुको Public Asset Management System (PAMS) मा प्रविष्टी गरेको देखिएता पनि यस पालिका अन्तर्गतका साविक गाउँ विकास समितिबाट भएका सम्पत्ति हस्तान्तरण सम्बन्धमा अभिलेख अद्यावधिक गरेको छैन ।
- नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण गराई सोको आधारमा मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ। जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भएका सामानहरुको मर्मत तथा लिलाम गरी जिन्सी अधावधिक गर्नुपर्दछ ।

## २६ कानून र सञ्चालन स्थिति

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म ४२ वटा कानुन निर्माण गरी कार्यान्यिनमा ल्याएको छ।साथै

पालिकाले कानूनहरु निर्माण गरी सभा।कार्यपालिकाबाट स्वीकृत गरेतापनि केही कानूनहरु राजपत्रमा प्रकाशन गरेको पाइएन। तसर्थ उक्त कानूनहरु राजपत्रमा प्रकाशन गरी कार्यान्वयनमा ल्याउनु पर्दछ ।

२७ **न्यायिक समिति**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतवर्ष फस्यौंट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी ५ र यो वर्ष थप भएको १४ गरी कुल १९ विवाद दर्ता भएकोमा ११ वटा मात्र फस्यौंट भई ८ वटा बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फस्यौंट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

२८ **सार्वजनिक परीक्षण**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिमको कार्य एक पटक मात्र भएको पाइयो । तोकिए बमोजिम सार्वजनिक परीक्षण गरी पालिकाबाट हुने आर्थिक कारोबारमा जवाफदेहिता र पारदर्शिताको प्रवर्द्धन गर्नु पर्दछ।

२९ **चिस्यान केन्द्र निर्माण**

नेपाल सरकारको पशुपन्छी तथा मत्स्य प्रवर्द्धन कार्यक्रम सञ्चालन कार्यविधि, २०७८ को चिस्यान केन्द्र सञ्चालन गर्ने स्थलको जग्गाधनी प्रमाणपुर्जा निवेदन सँगै संलग्न हुनुपर्ने जग्गा भाडामा लिएको भए १० वर्षको सम्झौता भएको हुनुपर्ने मापदण्ड वमोजिम दुध संकलन र विक्रि हुने संभावना भएको क्षेत्र भएको हुनुपर्ने व्यवस्था रहेको छ । गो.भौ.नं २५६-०७९/११/२८ बाट पालिकाले ५० प्रतिशत अनुदानमा वडा नं २ र ४ मा चिस्यान केन्द्र निर्माणको लागि अनुदान प्रदान गर्दा उल्लेखित आधार पुरा नगरी रु ३५२४९७ अनुदान दिइ कार्यक्रम संचालन गरेको पाइयो ।यस्ता कार्यक्रम संचालन गर्दा मापदण्ड वमोजिम संचालन गर्नुपर्दछ ।

३० **विल भरपाई** (३०५/):

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व सम्बन्धी नियमावली २०७७ को नियम ३९(५) सरकारी रकम खर्च गर्दा विल भरपाई साथ लेखा राख्न पर्ने व्यवस्था रहेको छ । देहायका व्यक्तिलाई विल भरापाइ वेगर भूक्तानी दिएको प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु

| गो भौ नं मिति | नाम | रकम | कैफियत |
|---|---|---|---|
| २९३-०७९/१२/१४ | पञ्चकन्या जनकल्याण युवा समाज | २००००० | विल भरपाई वेगर एकमुष्ट भूक्तानी |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,००,००० |

## ३१ बढी भुक्तानी

अर्थ मन्त्रालयको कार्य सञ्चालन निर्देशिका २०७७ को नियम ७.१.१५ मा सि नं ४ मा तालिम केन्द्र वाहेक अन्य सबै प्रकारका तालिमका स्रोत व्यक्ति प्रशिक्षकको पारिश्रमिकमा सहायकस्तर/अन्य तालिममा गाँउपालिकास्तर कक्षा सञ्चालन बापत रु ७०० र कार्यपत्र वापत ८०० लिन पाउने उल्लेख छ साथै एउटा कक्षाको अवधि १ घण्टा ३० मिनेट तथा कार्यपत्र भन्नाले कम्तिमा ७५० शव्दको प्रवन्ध सम्झनुपर्ने उल्लेख छ ।साथै सम्बन्धीत कार्यालयले संचालन गरेको कार्यक्रममा सोही कार्यालयका स्रोत व्यक्ति भएको अवस्थामा कक्षा लिए वापतको पारिश्रमिक नपाउने तर कार्यपत्र वापतको रकम पाउने व्यस्था छ साथै कार्यक्रम संयोजकको रु ४०० र सहयोगी कर्मचारीको रु ३०० पाउने व्यवस्था रहेको छ देहायवमोजिमको तालिम सञ्चालन गर्दा देहायका कर्मचारीलाई वढी भूक्तानी दिएको असुल गर्नुपर्ने रु

| नाम | भूमिका | सेसन | बुझेको दर | पाउनु पर्ने दर | बढी भूक्तानी | गो भौ नं मिति | कार्यक्रम |
|---|---|---|---|---|---|---|---|
| रामहरि न्यौपाने | प्रशिक्षक | १ | १४०० | ० | ११९० | २६१।०७९।११।२९ | अन्तर्क्रिया कार्यक्रम |
| रामहरि न्यौपाने | प्रशिक्षक | १२ | २१०० | ७०० | १४२८० | ३८६।२०८०।२।२४ | सहकारी प्रवर्द्धनात्मक कार्यक्रम |

***..........(प्रारम्भिक प्रतिवेदन उपर सुरेन्द्र खड्का र बालकृष्ण अधिकारीको बेरुजु असुली भइ प्रमाण पेश भएको आधारमा मिति २०८१।१।२१ को निर्णयबाट रु.९,६२५। सम्परीक्षण गरिएको ।)***

| | |
|---|---|
| असुल गर्नुपर्ने | १५,४७० |

## ३२ प्रधानमन्त्री रोजगार कार्यक्रम

स्थानीय तहमा स्वीकृत बेरोजगार व्यक्तिलाइ न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामुदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्धेश्यले स्थानीय तहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका २०७५ को दफा २(१) मा बमोजिम पालिकाले बेरोजगारको तथ्यांक अद्यावधिक गरेर सूचीमा समावेश भएकाहरुलाइ प्राथमिकीकरण गरीः प्राथमिकता क्रम अनुसार कामका लागि रोजगार कार्यक्रममा संलग्न गराई रोजगारी दिनुपर्ने व्यवस्था रहेको छ । कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि २०७७ को सि नं ४ अनुसार श्रममूलक आयोजना छनौट गर्दा स्थानीय तहको वार्षिक योजना तर्जुमाका सबै चरण पुरा गरि आयोजना बैंक तयार गरी सोहि आयोजना बैंक अनुसार प्राथमिकता क्रममा रहेका बेरोजगार व्यक्तिको आधारमा कार्यपालिकाको योजना सञ्चालन गर्नुपर्ने हुन्छ । तर गाउँपालिकामा आयोजना बैंक तयार नगरी कार्यक्रम सञ्चालन गरेको पाइयो । यस आ वमा पालिका अन्तर्गतका ५ वटा वडामा सञ्चालन भएका आयोजना निम्नानुसार छन् ।

| क सं | कार्यक्रम | संख्या | खर्च रकम रु |
|---|---|---|---|
| १ | सडक/ गोरेटो | ७ | ६१२०००। |
| २ | सडक नालि | १ | ५५१०००। |
| ३ | पूर्वाधार निर्माण | १ | ५२३०००। |
| ४ | वन तथा वातावरण | १ | २००००००। |
| जम्मा रु | | | ३६, ८६ , ०००। |

प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत यस गाउँपालिकामा यस आ वमा रु ५६,५७,०००।- रकम व्यवस्था भएकोमा रु ५६,२९,२९०।- करिब ९९ प्रतिशत खर्च भएको देखिन्छ ।यस मध्ये रु ३६,८४,२६८।- श्रमिकको ज्यालामा उपभोक्ता समिति मार्फत खर्च भएको देखिन्छ । यस कार्यक्रमका लागि स्थानीय तहभित्रका वडामा सडक मर्मत लगायतका कार्यक्रम सञ्चालन गर्न दर्ता गरिएका ३५० जना मध्ये यस वर्ष ६० जनालाइ जम्मा ५९८७ दिन रोजगारी प्रदान गरेको देखिन्छ ।निर्देशिका बमोजिम योजना बैंक अनुसार प्राथमिकता क्रममा रहेका बेरोजगार व्यक्तिलाइ रोजगारी दिनुपर्दछ ।

३३ **स्वास्थ्य तर्फको तलवी प्रतिवेदन**

बागमती प्रदेश "स्थानीय सेवा गठन तथा सञ्चालन ऐन, २०७९" को दफा ६९ को उपदफा ५ मा प्रदेश किताबखाना वा प्रदेश लेखा नियन्त्रक कार्यालय वा इकाइ कार्यालयबाट तलबी प्रतिवेदन पारित नगराइ तलब भुक्तानी गर्नुहुँदैन भन्ने व्यवस्था रहेको छ । यस आ वमा पालिकाले स्वास्थ्यतर्फका ३३ कर्मचारीहरुको तलवी प्रतिवेदन पारित नगरी रु १,७६,३९,०००।- खर्च लेखेको छ । तलवी प्रतिवेदन पारित नगरेको कारण कर्मचारीहरुलाइ भुक्तानी गरेको तलब, भत्ता र ग्रेड रकम यकिन गर्न सकिएन ।

३४ **सेनेटरी प्याड व्यवस्थापन**

सेनेटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि २०७६ मा विद्यालयले छात्रा विद्यार्थी लगत तयार गरी सम्बन्धित स्थानीय तहमा लेखी पठाउने र स्थानीय तहले प्राप्त संख्याको आधारमा एक महिनामा एक छात्राले बढीमा १६ वटा सेनेटरी प्याड प्राप्त गर्ने गरी आवश्यक मात्रामा खरिद गरी सम्बन्धित विद्यालयको महिला शिक्षक वा कर्मचारीलाइ सम्पर्क व्यक्ति तोकी प्याड वितरण प्रक्रिया सुचारु गरी अर्को महिनाको ७ गतेभित्र सूचना पाटीमा विवरण टाँस्नुपर्ने व्यवस्था छ ।

पालिकाले यस आ व मा कक्षा ६ देखि १२ सम्मका ६६० जना छात्राका लागि ४५०० वटा पुन प्रयोग गर्न मिल्ने सेनेटरी प्याड खरिद गरी कंकेश्वरी महिला विकास कृषक समूहलाइ रु ६०७५००। भुक्तानी गरेको छ । जसमध्ये २८४ वटा सेनेटरी प्याड विद्यालयलाइ वितरण गरी ४२१६ वटा प्याड मौज्दातमा रहेको देखिएकोले कार्यक्रमको उद्धेश्य अनुरुप समयमै वितरण हुनुपर्दछ ।

### ३५ प्रति विद्यार्थी लागत

पालिकाबाट प्राप्त विवरण अनुसार आर्थिक वर्ष २०७९।८० को प्रति विद्यार्थी लागत देहाय बमोजिम रहेको छ ।

| बजेट विवरण | बजेट रकम | खर्च रकम | विद्यार्थी संख्या | प्रति विद्यार्थी लागत रु. |
|---|---|---|---|---|
| तीनै तहका सरकारबाट जम्मा | १२,५८ ,४९ , ००० | ११,५७ ,२५ , ५७७ | २७९७ | ४४९९४। |

उपरोक्त विवरण अनुसार पालिकाको सामुदायिक विद्यालयको बालविकास देखि कक्षा १२ सम्म प्रति विद्यार्थी लागत रु४४९९४ ।- रहेको देखिन्छ ।

### ३६ शिक्षक दरबन्दी र पदपूर्ति

आ व २०७९।८० मा पालिकाको शिक्षक दरबन्दी र पदपूर्तिको व्यहोरा देहाय बमोजिम रहेको छ :

| विद्यालयको संख्या | दरबन्दी | स्थायी पदपूर्ति | पदपूर्ति मध्ये करार | रिक्त पद | विद्यार्थी संख्या | शिक्षक विद्यार्थी अनुपात |
|---|---|---|---|---|---|---|
| २९ | १३४ | १३२ | ५३ | २ | २७९७ | २०.८७ |

उपरोक्त तालिका बमोजिम शिक्षक विद्यार्थी अनुपात १:२० रहेको छ । त्यसैले तोकिए बमोजिम शिक्षक विद्यार्थी अनुपात कायम गर्दै स्थायी पदपूर्ति गर्नेतर्फ पालिकाले पहल गर्नुपर्दछ ।

### ३७ आर्थिक सहायता

पञ्चकन्या गाँउपालिकामा छिटो, छरिटो, मितब्ययी, पारदर्शि रुपमा आर्थिक सहायता प्रदान गर्न गाँउपालिकाको कोषको सही सदुपयोग गर्नका निम्ति गरिब, विपन्न, असहायहरु विभिन्न रोगबाट पिडित तथा ग्रसित दिर्घरोगी दुर्घटना परेको ठुलो शल्यक्रिया गर्नुपर्ने अवस्थामा रहेका व्यक्तिहरुको सहायताको लागि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम पालिकाले पञ्चकन्या गाँउपालिकाको आर्थिक सहायता कार्यविधि, २०७५ जारी गरी कार्यविधि बमोजिम वडाअध्यक्षको सिफारिस तथा गाँउपालिका अध्यक्षको तोकआदेशका आधारमा आर्थिक सहायता वापत यस आ.व. मारु. २८००००० वितरण गरेको देखियो । आर्थिक सहायता कार्यविधि अनुसार खर्च गर्नुपर्ने देखिन्छ ।

### ३८ मेला व्यवस्थापन कार्य (३५-२०७९-६-११):

*..........(प्रारम्भिक प्रतिवेदन उपर बेरुजुको प्रमाण पेश भएको आधारमा मिति २०८१।१।२१ को निर्णयबाट रु.१००,०००। सम्परीक्षण गरिएको ।)*

३९ **प्रगति प्रतिवेदन**

शिक्षा तथा मानव स्रोत विकास केन्द्रद्धारा प्रकाशित कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।८० को क्रियाकलाप नं २.७.१३.१३ मा विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्य सम्पादनमा आधारित प्रोत्साहन अनुदान अन्तर्गत उत्कृष्ट सिकाइ उपलब्धि भएका विद्यालयलाइ सिकाइ सुदृढीकरणका लागि प्रोत्साहन स्वरुप अनुदान निकासा पश्चात अनुदान प्राप्त गर्ने विद्यालयले स्वीकृत प्रस्ताव अनुसारका क्रियाकलाप सञ्चालन गरी सोको अद्यावधिक प्रतिवेदन स्थानीय तह तथा मानव स्रोत विकास केन्द्रमा नियमित रुपमा पठाउनुपर्ने व्यवस्था रहेको छ । तर, उल्लिखित शीर्षकमा रकम निकासा पश्चात देहायको विद्यालयले प्रगति प्रतिवेदन पेश गरेको पाइएन । सम्बन्धित विद्यालयले उक्त रकम बराबरको कार्य सम्पादन गरेको प्रगति प्रतिवेदन पेश गर्नुपर्ने रु

| गो भौ नं | विद्यालयको नाम | रकम रु |
|---|---|---|
| १८२।०८०।३।१८ | श्री पञ्चकन्या मा वि | २००,००० |

| प्रमाण पेश नगरेको | २,००,००० |
|---|---|

४० **ओ जे टि व्यवस्थापन**

शिक्षा तथा मानव स्रोत विकास केन्द्रद्धारा प्रकाशित कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।८० को क्रियाकलाप नं २.७.१३.५० मा शिक्षण सिकाइ सामाग्री तथा ओ जे टि व्यवस्थापनका लागि प्राविधिक धारका विद्यालयलाइ अनुदान अन्तर्गत कक्षा ९ देखि १२ सम्मका विद्यार्थीलाइ प्रति विद्यार्थी रु १५०००। का दरले हुन आउने रकम एकमूष्ट अनुदान दिने र सो रकमबाट व्यवहारिक अभ्यासमा सहभागी विद्यार्थीलाइ प्रति महिना रु १०००। का दरले विद्यार्थीको बैंक खातामा उपलब्ध गराउने, बाँकी रकमबाट प्रशिक्षक भत्ता एवम् ल्याव उपकरण खरिदका लागि उपयोग गर्न सकिने र कार्यक्रमसँग सम्बन्धीत प्रगति प्रतिवेदन पेश गर्नुपर्ने उल्लेख रहेको छ । पालिकाले गो भौ नं १९७।०८०।३।२९ बाट श्री इन्द्रायणी मा विलाइ २७ जना विद्यार्थीका लागि रु ४०५,०००। एकमूष्ट निकासा गरेकोमा सम्बन्धित विद्यालयले प्रगति प्रतिवेदन पेश गर्नुपर्ने रु

| प्रमाण पेश नगरेको | ४,०५,००० |
|---|---|

४१ **एक शैक्षिक संस्था एक उद्यम कार्यक्रम**

***..........(प्रारम्भिक प्रतिवेदन उपर बेरुजुको प्रमाण पेश भएको आधारमा मिति २०८१।१।२३ को निर्णयबाट रु.५२५,०००। सम्परीक्षण गरिएको ।)***

४२ **स्वयंसेवक शिक्षक**

संघ तथा प्रदेश सरकारको स्रोतबाट शिक्षकहरुको तलव भूक्तानी भइसकेको अवस्थामा पालिकाले आन्तरिक श्रोतबाट खर्च व्यहोर्ने गरी आ व २०७९।८० मा कार्यपालिकाको निर्णय मार्फत पालिका अन्तर्गतका ९ वटा सामुदायिक विद्यालयहरुमा आधारभूत र माध्यामिक तहमा जम्मा ९ जना शिक्षकलाइ करार सम्झौता गराइ स्वयंसेवक शिक्षकका रुपमा पदस्थापन गरेको छ । यस आ व मा स्वयंसेवक शिक्षकको तलवमा कुल रु१९,९९,०००। खर्च लेखेको छ

। स्वयंसेवक शिक्षकहरु करारमा नियुक्ति गर्दा विद्यालयमा विद्यार्थी संख्या, शिक्षण सिकाइ आवश्यकता, विषय विज्ञ शिक्षक जस्ता विषयमा विश्लेषण गर्नुपर्नेमा सो नगरी खर्च लेखेको अनियमित देखिएको रु

| | |
|---|---|
| अनियमित भएको | १९,९९,००० |

४३ **बालविकास सहजकर्ता**

प्रारम्भिक बाल विकास केन्द्रको राष्ट्रिय न्यूनतम मापदण्ड मार्गदर्शक पुस्तिका २०६७ को प्रथम संशोधन २०७५ बमोजिम न्यूनतम २५ जना सम्म विद्यार्थी संख्या भएकोमा १ जना र २५ जना भन्दा बढी भएमा थप बाल विकास सहयोगी कार्यकर्ता राख्न पाउने व्यवस्था छ । तर पालिकामा सञ्चालित भैंडाबारी मा विमा ७ जना विद्यार्थी संख्या रहेकोमा २ जना सहयोगी कार्यकर्ता रहेको र श्री उदय जालपादेवी मा विमा १७ जना विद्यार्थी रहेकोमा २ जना सहयोगी सहजकर्ता रहेको पाइयो । यसरी आवश्यकता भन्दा बढी बालविकास सहजकर्ता राखि प्रति महिना संघ सशर्तबाट रु १००००।- र पालिकाको तर्फबाट रु ५०००।- का दरले तलव भूक्तानी गर्नु नियमसम्मत नदेखिएको रु

| | |
|---|---|
| अनियमित भएको | ३,९०,००० |

४४ **एकीकृत स्वास्थ्य पुर्वाधार विकास कार्यक्रम**

४४.१ आर्थिक कार्यविधि तथा वित्तिय नियमावली, २०७७ को नियम ४७(४) अनुसार पेश्की फछ्र्यौट हुनुपर्दछ । त्यस्तै नियम ५१(१) अनुसार समयमा पेश्की फछ्र्यौट नगरेमा बाकी पेश्की रकममा म्याद नाघेको मितिले वार्षिक १० प्रतिशतका दरले व्याज समेत असूल गर्ने व्यवस्था छ । प्राप्त विवरण अनुसार वर्ल्डवाईड । जलुकेनी। वागेश्वरी नि जे.भि रु.९२,०३,०००.०० पेश्की फछ्र्यौट नभई बाँकी रहेकोले म्याद ननाघेको पेश्कि यकिन गरी नियमानुसार फछ्र्यौट हुनुपर्दछ ।

४४.२ (७-२०८०-३-२३):

सार्वजनिक खरिद नियमावली २०६४ बमोजिम कन्टिन्जेन्सी खर्चको लागि कार्यविधि स्वीकृत गराई खर्च गर्नुपर्ने व्यवस्था रहेको छ । एकिकृत स्वास्थ्य पूर्वाधार भवन निर्माण कार्यको कन्टिनजेन्सी बापत रु १४,३९,९७५/ खर्च गरेको मा कार्यविधि समेत स्विकृत गरेको पाईएन । कार्यालयले यस आ.व मा कुल भ्याट सहित रु २,९३,३७,९१३/ खर्च गरेकोमा भ्याट बाहेकको रकमको खर्चको आधारमा सानातिना खर्च र वर्क चार्ज स्टाफ खर्चमा रु १०,३८,५१०/ मात्र रकम खर्च मिल्ने आधार देखिएकोमा कार्यालयले खर्चको प्रगति भन्दा बढी कन्टिनजेन्सी खर्च गरेको देखिन्छ । म्यागङ गाउँपालिका स्तरिय भलिबल प्रतियोगितामा शिक्षा सहायक निरन्जन तिवारीले गाउँपालिकाको तर्फबाट प्रतियोगितामा समावेश भई खर्च भएको रकमको कुल बिल रकम रु १९०५९२/ पेश भएको र ३ जना खेलाडीलाई भर्पाई मार्फत २५०००/ को दरले भुक्तानी भएको रु ७५०००/ मा कर बापत रु ११२५०/ रकम र बिल बापतको रकम रु १०६५००/ भुक्तानी भएको रकमबाट अग्रिम आयकर बापत रु १५९७/ हुने रकम कट्टा गरी रु १,७७,७४५/ खातामा ट्रान्सफर हुनुपर्नेमा रु १,८८,२६५/ ट्रान्सफर भएकोले बढी भुक्तानी भएको रकम रु १०५२०/ असुल गर्नुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | १०,५२० |

४४.३ (२-२०७९-१२-२८):

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ (११) मा उपभोक्ता समितिले निर्माण कार्य सम्पन्न गरिसकेपछि सार्वजनिक निकायले खटाएको प्राविधिक कर्मचारीवाट त्यस्तो कामको जाँचपास गराई कुल खर्चको विवरण सो निकायमा पेश गर्नुपर्ने व्यवस्था छ । पालिकाले वर्ल्ड वाईड।जलुकेनी।वागेश्वरी जे.भि लाई रु.८,२७,५९१०/ भुक्तानी हुँदा lab test को PS आईटममा रु ४७,००३.२६ र इन्सुरेन्समा PS आईटममा रु ८४,८६०/ गरि कुल रु १,३१,८६३.२६ भुक्तानी भएको देखिन्छ। शोधभर्ना हुने प्रकृतिको खर्चमा समेत छुट्टै भ्याट बिल समावेश गरेर भुक्तानी हुनुपर्नेमा PS बापतको रकम भुक्तानी हुँदा बिलं संलग्न हुनुपर्ने अन्यथा असुल हुनुपर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,३१,८६३ |

४४.४ (७-२०८०-३-२३):

***...........(प्रारम्भिक प्रतिवेदन उपर बेरुजुको प्रमाण पेश भएको आधारमा मिति २०८१।१।२३ को निर्णयबाट रु.४६१,५१४। सम्परीक्षण गरिएको ।)***

४४.५ भलिवल प्रतियोगितामा भाग लिए बापत खर्च भएको रकम रु १,९०,५९२/ कन्टिनजेन्सी खर्च अन्तरगत सानातिना खर्च र वर्क चार्ज स्टाफ निर्माण कार्यसंग सम्बन्धीत नभएको देखिंदा यस्ता खर्च कार्यमा नियन्त्रण हुन जरुरी देखिन्छ ।

## ४५ कन्टिन्जेन्सी खर्च

निर्माण कार्यको लागत अनुमान तयार गर्दा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(७) र सोही नियमावलीको अनुसूची-१ मा तोकिए बमोजिम कन्टिन्जेन्सी अनुमान गरी सम्वन्धित कार्यक्रममा मात्र खर्च लेख्न पाइने व्यवस्था छ । पालिकाले खर्चको ४% नै कन्टेन्जेन्सी कट्टा गरी खर्च गर्ने गरेको छ । बजेट खर्च शिर्षकका आधारमा समग्र कार्यक्रममा गरेको कन्टिन्जेन्सि खर्चको कुल रकम रु ५०७६०००।०० खर्च भएको पाईयो । योजनाको लागतका आधारमा ४ प्रतिशत सम्म खर्च लेख्न पाउनेमा योजनागत खर्च अभिलेख नराखेकोले सिमा भित्र कन्टेन्जेन्सी खर्च भएको सम्वन्धमा आश्वस्त हुन सकिएन । त्यस्तै पालिकाले विविध वा शिर्षक नखुलेका अन्यम खर्च समेत कन्टिन्जेन्सि खर्च जनाएको छ । कन्टिन्जेन्सि रकम योजनागत रुपमा खुलाई योजनाअन्तर्गतकै कार्यमा खर्च गर्नुपर्दछ ।

## ४६ डीपीआर तथा परामर्श खर्च

बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययन गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यस स्थानीय तहले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार गाउँपालिका प्रशासकीय भवनमा फर्निचर सम्बन्धी कार्यको डी.पी.आर. को लागी Ripple Training and Consulting Services Pvt. Ltd. परामर्शदातालाई रु ४९७७६५।०० भुक्तानी गरेको छ । प्राप्त प्रतिवेदन अनुसार सो अध्ययनवाट निर्धारण भएको योजनाको लागी रु

४९९९०९८।३७ को लागत लाग्ने अनुमान गरेको छ । त्यस्तै पालिकाको प्रशासकिय भवनको ईन्जिनियरिङ्ग परामर्श सेवाको लागी रु१००६८३०।०० भुक्तानी गरेको छ ।

यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखीएन । उपरोक्त वमोजिमको डि पि आर गर्ने कार्यालयको लागि कार्यालयमा प्राविधिक जनशक्ति प्रयाप्त नरहेको अवस्था नदेखिएकोले यस्ता डिपि आर लगायतका प्राविधिक काम कार्यालयकै जनशक्तिवाट गर्ने गराउने तर्फ ध्यान जानु पर्ने देखियो । डी.पी.आर. तयार गर्दा पालिकाको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा गाऊँपालिकाको प्राविधिक जनशक्ति बाट यस्तो कार्य गराउनुपर्दछ । साथै यसरी अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरु कार्यान्वयनमा गएको समेत नदेखिएकोले खर्चको सार्थकता समेत देखिएन ।

४७ **गाउँप्रहरी सुविधा** (७-२०८०-३-२३):

पालिकावाट २०७९।११।८ मा भएको सम्झौतापत्रको बुँदा नं ४ मा गाउँप्रहरीको मासिक पारिश्रमिक वापत न्यूनतम तलव उपलव्ध गराउने उल्लेख छ । एकिकृत स्वास्थ्य पूर्वाधार कार्यक्रम अन्तर्गतको कन्टिन्जेन्सि वजेटवाट गाउँप्रहरी जवान रासन खरिद वापत जिन्सि शाखा प्रमुख मछिन्द्र थापालाई रु २०६७० भुक्तानी भएको छ । पालिकावाट २०७९।११।८ मा भएको सम्झौतापत्रको बुँदा नं ४ मा गाउँप्रहरीको मासिक पारिश्रमिक वापत न्यूनतम तलव उपलव्ध गराउने उल्लेख छ । यसरी असम्वन्धित शिर्षकवाट कन्टिन्जेन्सि खर्च भएको तथा सम्झौता वाहेकको सुविधा भुक्तानी भएको नियमसम्मत नदखेखिएको रु

| | |
|---|---|
| अनियमित भएको | २०,६७० |

४८ **ठेक्का व्यवस्था**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ९ मा खुला रुपमा वोलपत्र आह्वान गरी खरिद गर्ने सम्वन्धी व्यवस्था छ । पालिकाले वोलपत्र मार्फत प्रतिश्पर्धि आपूर्तिकर्ता छनौट गरी वार्षिक कार्यक्रम अनुसारका सडक निर्माणका योजना कार्यान्वयन गर्दै आएको छ । यस्ता योजना लागत अनुमान भन्दा ५१ प्रतिशत सम्म घटीमा गर्ने गरी कबोल भए अनुसार कार्यान्वयन गराएको पाइयो । पालिकाको स्वीकृत नर्मशका आधारमा तयार भएको लागत अनुमान भन्दा धेरै घटीमा सोही गुणस्तरको कार्य गर्न कबोल गरी अधिकांश योजना निर्माण सम्पन्न गरी भुक्तानी फरफारक गरेको पाइयो । यस्ता योजनाको भुक्तानी गर्दा निर्माण सामाग्री र निर्माण कार्यको गुणस्तर परीक्षण गरेको भएपनि न्यून लागतमा सोही गुणस्तरको कार्य भएको सम्वन्धमा नर्म्समा नै अधिक मूल्याङ्कन भएको हो वा गुणस्तरमा सम्झौता गरी भुक्तानी फरफारक भएको हो सो सम्वन्धमा पालिकाको ध्यानाकर्षण हुनुपर्ने देखिन्छ । साथै निर्धारित गुणस्तरमा कार्य भएको प्रमाणित गरी भुक्तानी गरेका कार्य निर्धारित अवधि सम्म टिकाउ भए नभएको यकिन गर्न प्रणाली सुदृढ गरी न्यून मूल्यमानै गुणस्तरीय कार्य हुने भएमा नर्म्स समेत सम्वन्धित निकायले पुनरावलोकन गर्नुपर्ने देखिन्छ । यस्ता केही योजनाको विवरण देहायमा उल्लेख छ । लागत अनुमानको तुलनामा उल्लेख्य प्रतिशत घटीमा गर्ने गरी कबोल तथा सम्झौता भएका केही योजनाको विवरण देहायमा उल्लेख छ ।

| क्र.सं. | योजनाको विवरण | ठेक्का न. | बोलपत्रदाता | लागत अनुमान रु. | सम्झौता रकम रु. | घटि प्रतिशत |
|---|---|---|---|---|---|---|
| १ | घलेभन्ज्यांग लाकुरीभन्ज्यांग कालिकास्थान २ न. वडा कार्यालय सडक स्तरोन्नति | PRM/ROAD/02/079-080 | Ratna Shrestha Nirman Sewa; Bidur-4, Nuwakot | १६००००० | १०२७८२८१ | ३६ |
| २ | काभ्रे बांगे खोला झो. पु. स्टील पार्ट्स खरीद | PRM/GOODS/03/079-080 | Inter tech Pvt. Ltd., Butwal-12, Rupandehi | ३२८६७६७ | २७१५२२६ | १७ |
| ३ | आप्र राउटार मानेथोक वडा न. ३ कार्यालय बिमिरे घलेभन्ज्यांग सडक स्तरोन्नति | PRM/ROAD/04/079-080 | G.K-RSA JV, Nuwakot | १९९३७६५५ | ९६९५१९९ | ५१ |
| ४ | बानियाटार सिमरा बृहत खानेपानी आयोजना पञ्चकन्या -१ | PRM/DW/06/079-080 | Kartikeshwor Construction Pvt. Ltd., Kabilash, Nuwakot | ४९९९३४४ | ३९८४००९ | २० |
| ५ | गाउँपालिका प्रशासकीय भवनमा फर्निचर सम्बन्धी कार्य | PRM/BLDG/07/079-080 | Khaptad Saipal Enterprises Pvt.Ltd | ४९९९०९८ | ३४९७९९७ | ३० |
| ६ | जैसि गाउँ फुर्केसल्ला खत्रिबेसि बृहत खानेपानी योजना पञ्चकन्या-५ | PRM/DW/08/079-080 | Seti Devi Manjari Construction Pvt. Ltd., Panchakanya-3, Nuwakot | ४००००९ | ३०५७२१३ | २४ |
| ७ | कुण्डला बाँकेघर मिश्र पँधेरो | PRM/ROAD/11/079-080 | Seti Devi Manjari Construction | ४००००२५ | ३०३२०१५ | २४ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | महिला भवन हुँदै छहरे जोड्ने सडक | | Pvt. Ltd., Panchakanya-3, Nuwakot | | | |

## ४९ प्रोग्राम अपडेट

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३ को नियम ६ ख मा निर्माण व्यवसायीले खरिद सम्झौताको शर्त वमोजिम कार्यसम्पन्न नगरेमा भुक्तानी नदिने उल्लेख छ । ठेक्का सम्झौताको General condition of contract अन्तर्गत Scc को Gcc 34.1-34.3 मा निर्माण व्यवसायिले कामको तोकिएको दिनमा Program Update पेश गर्नुपर्ने अन्यथा प्रोग्राम अपडेट वापतको रकम कट्टा गर्ने व्यवस्था छ । पालिकाले देहायका ठेक्कामा निर्माण व्यवसायिसँग भएको ठेक्काको प्रोग्राम अपडेट पेश नभएकोले सम्वन्धित निर्माण व्यवसायिवाट असुल हुनुपर्ने रु

| क.सं. | ठेक्का न. | बोलपत्रदाता | सम्झौता रकम रु. | प्रोग्राम अपडेट | भुक्तानी रकम |
|---|---|---|---|---|---|
| १ | PRM/ROAD/04/079-080 | G.K-RSA JV, Nuwakot | ९६,९५,१९८.७९ | ३० दिन | ५०००० |
| २. | PRM/DW/06/079-080 | Kartikeshwor Construction Pvt. Ltd., Kabilash, Nuwakot | ३९,८४,००८.७७ | ३० दिन | ५०००० |
| ३. | PRM/BLDG/07/079-080 | Khaptad Saipal Enterprises Pvt.Ltd | ३४,९७,९९७.४९ | ३० दिन | ५०००० |
| ४. | PRM/DW/08/079-080 | Seti Devi Manjari Construction Pvt. Ltd., Panchakanya-3, Nuwakot | ३०,५७,२१२.६४ | ३० दिन | ५०००० |
| ५. | PRM/ROAD/11/079-080 | Seti Devi Manjari Construction Pvt. Ltd., Panchakanya-3, Nuwakot | ३०,३२,०१४.९९ | ३० दिन | ५०००० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | २,५०,००० |

## ५० सचिवालय सुविधा

बागमती प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐन, २०७५ (पहिलो संसोधन समेत) मा यस प्रदेशमा स्थानीय तहका प्रमुख तथा उप प्रमुखले स्वकीय सचिव/सल्लाहकार राख्न पाउने व्यवस्था गरेको छैन । साथै पदाधिकारी सुविधा सम्वन्धमा स्पष्ट व्यवस्था गरेको छ । त्यसैगरी स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८३(८) मा तोकिएको भन्दा फरक पदमा कर्मचारी पदपूर्ती गर्न नहुने उल्लेख छ । पालिकाद्धारा गाउपालिका

अध्यक्षको सचिवालयको लागि मासिक रु १८००० का दरमा वार्षिक रु२१६००० र उपाध्यक्षको सचिवालयको लागि मासिक रु १५००० का दरमा वार्षिक जम्मा रु १८०००० समेत जम्मा रु ३९६००० भुक्तानी भएकोले नियम विपरितको खर्च सम्वन्धितवाट असुल गर्नुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३,९६,००० |

५१ **विल भरपाई** (३०५-२०८०-३-२०):

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ मा सरकारी रकमको खर्च गर्दा सक्कल विल संलग्न गरी रीत पुगे नपुगेको यकिन गरि भुक्तानी गर्नुपर्ने उल्लेख छ । पालिकाले गाउँकार्यपालिका कार्यालयमा विभिन्न फर्निचर आपुर्तिको लागी लागत अनुमान रु ४९९९०९८ तयार गरी खसडु कन्स्ट्कसनसँग रु ३४९७९९७ को ठेक्का सम्झौता गरेकोमा प्रोभिजनल सम आईटमको विमावापत रु १७१४३ भुक्तानी गरेकोमा विमा पोलिसि मात्र संलग्न गरेको तर कर विजक संलग्न नगरेकोले सो कर विजक पेश हुनुपर्ने अन्यथा सम्वन्धित आपुर्तकवाट असुल गर्नुपर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १७,१४३ |

५२ **वजेट विनियोजन**

आकस्मिक रूपमा आइपर्ने समाजिक, पूर्वाधार, वातावरण तथा विविध व्यवस्थापन र संस्थागत विकास, सेवा प्रवाह सुशासन सम्बन्धी योजनाहरुको लागी पालिकावाट वार्षिक एकमुष्ट रु १ करोड विनियोजन गरी पालिका अध्यक्षको तोक आदेशका आधारमा विभिन्न कामको लागी ९९ लाख ९९ हजार खर्च भएको पाईयो । त्यस्तै वडा स्तरिय योजना अन्तर्गत वडा नं १ मा एकमुष्ठ रु २५ लाख विनियोजन गरी खर्च भएको पाईयो । यसरी खर्च भएको रकम र योजनावारेमा पालिका सभामा विस्तृत छलफल भएको पाईएन । यसरी पालिकास्तरिय तथा वडास्तरीय योजनाको विस्तृत विवरण संलग्न नगरी वजेट विनियोजन गर्दा योजनाको प्राथमिकिकरण तथा विकासमा सन्तुलन नहुने देखिन्छ । वजेट निर्माण तथा व्यवस्थापनमा ध्यान दिनुपर्ने देखिन्छ ।

५३ **खाना तथा विविध खर्च**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो वर्ष खाना तथा विविधतर्फ मात्र रु.१०५३९३५।०० खर्च गरेको छ । यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ ।

५४ **ननफाइलर** (३२२-२०८०-३-२४):

मूल्य अभिवृद्धी कर नियमावली २०५३ को नियम २६(१) मा मूल्य अभिबृद्धि करमा दर्ता भएको करदाताले विक्रम सम्बत अनुसारको एक महिनाको कर अवधिको कर विवरण सो अवधि समाप्त भएको मितिले २५ दिन भित्र सम्बन्धीत कर अधिकृत समक्ष पेश गर्नुपर्ने उल्लेख छ । यस सम्बन्धमा अर्थ मन्त्रालयको च नं ३२७ मिति २०७७।८।९ को पत्रले आयकर तथा मूल्य अभिबृद्धि कर दुबै तर्फ बिबरण नबुझाएकालाई बिबरण पेश गर्न बाँकी नरहेको सुनिश्चित गरेर मात्र भुक्तानी दिनुपर्ने गरी पत्राचार गरेको छ । पालिकाले यस वर्ष आप्रह राउटार सडक स्तरोनन्ति कामको

लागी जि के एण्ड आर एस ए जे भि (मु. अ. कर दर्ता नं. ६१४२५११५५) लाई मूल्य अभिवृद्धि कर रु १००७९५२।९७ समेत जम्मा रु ८८४१५५६।०० भुक्तानी गरेको छ । उक्त आपुर्तकको पान नं. सर्च गर्दा Income Tax non- filer 2077/078, 2078/79 देखिन्छ भने vat non filer since 2077/M/8 देखिन्छ । तसर्थ पालिकाले आपुर्तक संस्थालाई भुक्तानी गर्नु अघि उक्त आपुर्तकले आयकर तथा मूल्य अभिबृद्धि कर दुबै तर्फ बिबरण बुझाएको सुनिश्चित गरेर मात्र भुक्तानी दिनुपर्नेमा सो गरेको देखिएन ।उक्त भुक्तानीको मूल्य अभिवृद्धि कर समायोजनको प्रमाणपत्र पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १०,०७,९५२ |

**जोडजम्मा फरक पारी बढी भूक्तानी** (३२४-२०८०-३-२४):

५५ आर्थिक कार्यविधि तथा वित्तय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ ५ मा सरकारी रकम खर्च गर्दा वील भरपाई साथ लेखा राखु पर्ने व्यवस्था रहेको छ ।पालिकाले गाउँपालिका अध्यक्षको कार्यकक्षको प्रवेशद्धारमा अटोमेटिक सेन्सर डोर जडानका लागि पालिकाले सफ्टवेयर खरिद तथा व्यवस्थापन शिर्षकवाट रु ५००००० र आकस्मिक कोषवाट रु२७२५८ भूक्तानी भएको छ । खसड सैपाल ईन्टरप्राईजेज प्रा लि को कर विजक नं ०९९।३।२२ मा उल्लेखित आईटमहरुको एकाई दर मूल्य निर्धारण भएकोमा वास्तविक जोडजम्मा रु ५,२१,६०८ हुनेमा जोडजम्मा रु ५,२७,२५८ बनाई विजक पेश गरेको पाईयो । यसरी जोडजम्मा फरक पारी बढी रु ५६५० भूक्तानी भएकोले खसड सैपाल ईन्टरप्राईजेज प्रा लिवाट असुल गर्नुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | ५,६५० |

५६ **कर विजक** (१०६-२०७९-१२-१५):

***..........(प्रारम्भिक प्रतिवेदन उपर श्रीराम कन्स्ट्रक्सन/विकेश एण्ड आयुष जे भिको बेरुजुको प्रमाण पेश भएको आधारमा मिति २०८१।१।२३ को निर्णयबाट रु.७९४,०९१। सम्परीक्षण गरिएको ।)***

५७ **स्थानीय भू उपयोग कार्यान्वयन समिति तथा अन्य कार्यक्रम सञ्चालन**

५७.१ (३११-२०८०-३-२२):

***..........(प्रारम्भिक प्रतिवेदन उपर बेरुजु असुली भइ प्रमाण पेश भएको आधारमा मिति २०८१।१।२१ को निर्णयबाट रु.१०,२००। सम्परीक्षण गरिएको ।)***

५७.२ (३११-२०८०-३-२२):

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ मा सरकारी रकम खर्च भएकोमा सोको सक्कल विल भरपाई संलग्न गरी रीत पुगे नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ । पालिकामा स्थानीय भू उपयोग परिषद्को बैठकका सदस्य कमलि मिजारले बैठकको भत्ता रु ३००० नबुझेकोले सो रकम सोधभर्ना लिने व्यक्ति सुदिप भट्टराईवाट करकट्टि पश्चात् को रकम असुल गर्नुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | २,५५० |

५७.३ (३११-२०८०-३-२२):

*..........(प्रारम्भिक प्रतिवेदन उपर बेरुजु असुली भइ प्रमाण पेश भएको आधारमा मिति २०८१।१।२१ को निर्णयबाट रु.२,५५०। सम्परीक्षण गरिएको ।)*

५७.४ (३११-२०८०-३-२२):

अर्थ मन्त्रालयको कार्यसञ्चालन निर्देशिका २०७७ को बुदा नं ७.१.१.६ मा बैठकमा आमन्त्रित सदस्यका रुपमा सदस्यहरु राख्न नपाईने तर विशेषज्ञ सेवा आवश्यक परेको अवस्थामा बढीमा ३ जनासम्म आमन्त्रित सदस्यलाई भत्ता भुक्तानी गर्न सकिने व्यवस्था छ । भू-उपयोग ऐन, २०७६ को दफा १८(२)मा भएको व्यवस्था विपरित पालिकाले स्थानीय भू उपयोग परिषद्को विभिन्न ३ बैठकमा नियममा भएको व्यवस्था (९) भन्दा बढी आमन्त्रित ३ सदस्य राखि भत्ता भूक्तानी भएकोले सम्वन्धितवाट असुल गर्नुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | २,५५० |

## ५८ ट्याक कोट

सडक विभागवाट स्वीकृत भएको सडक निर्माणको स्पेसिफिकेसन, २०७३ संशोधन समेत को SECTION 1300 – BITUMINOUS SURFACE AND BASE COURSE को पृष्ठ २२७(१३-२०) DBST मा ट्याक कोट प्रति वर्ग मिटर औसत १.२ के जि/ वर्गमिटर अर्थात् ट्याककोट औषत प्रति वर्गमिटर १.१४ लिटरसम्म हुने देखिन्छ । पालिकाले ठेक्का नं ०७।०७८।७९, सुर्यचन्द्र कन्स्ट्रक्सनलाई सडक कालोपत्रे कार्यमा ट्याक कोट स्पेसिफिकेसनमा उल्लेख गरेको परिमाण भन्दा बढी हुने गरी प्रति वर्ग मिटर १.३ प्रति लिटरका दरले भूक्तानी दिएको देखियो । पालिकाले छहरे राष्ट्रिय मा वि सडक खण्ड कालोपत्रे कार्यका लागि काष्ठमण्डप कन्स्ट्रक्सनसंग २०७९।१२।३० मा कार्य सम्पन्न गर्ने गरी मिति २०७८।१०।२५ मा रु १८७६५८६९।४ को सम्झौता भई रु १८५७९१९३।४० भूक्तानी मा आईटम नं ३.५ को first layer tack coat को वि ओ क्यु मा सो कामको ट्याक कोट १.१४ राख्नुपर्नेमा १.३ राखेकोले ०.१६ वढी दर राखी कुल काम भएको क्षेत्रफल १२४४२.२ वर्गमिटरमा प्रतिवर्ग मिटर १.३ ले हुने रु १६१७४.८६ लिटर भूक्तानी भएको तर नम्स अनुसार १२४४२.२ को १.१४ का दरले हुने १४१८४ लिटर हुनुपर्नेमा १९९० वढी लिटर देखिएकोले वि ओ क्यु अनुसार १२० का दरले ट्याक कोट स्पेसिफिकेसनमा उल्लेख गरेको परिमाण भन्दा बढी हुने गरी भूक्तानी भएको रु २३८९०३।२ मा मु अ कर समेत रु २६९९६०।६२ असुल गर्नुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | २,६९,९६० |

## ५९ नदीजन्य पदार्थको ठेक्का

पालिकाले आर्थिक वर्ष २०७९।८० लागि राजस्व परामर्श समितिले १७९८९।८० घनमिटर नदी जन्य पदार्थ संकलन तथा विक्रीवितरण गर्न का लागि रु ६०३७३३३।१६।मु अ कर वाहेक प्रथम पटक सूचना प्रकाशन गरे को मा

कुनै पनि ठेक्का नपरेकोले दोश्रो पटक पनि सूचना प्रकाशन गर्दा १०४९४।०५ घन मिटर का लागि रु ३८३०७००।मु अ कर समेत पेश गर्ने जि के कन्ट्रक्सन मिति २०७९।९।२० मा सम्झौता भई सम्झौताको अवस्थामा ४० प्रतिशत रकम वुझाई वाकी रहेको रकम वैक ग्यारेन्टीका आधारमा कार्य देश दिएको र बाकी रकम ३० प्रतिशत चैत मसान्ततक र वाँकी रकम मिति २०८० जेठ मसान्तत मा वुझाउने गरी सम्झौतामा भएकोमा निज फर्मले तोकिएको समयमा रकम दाखिला नगरेकोले निजले कृषि विकास वैकमा राखेको धरौटी वापतको रकम जफत गरी पालिकाको खातामा जम्मा गरेको छ अमानत वाट समेत गरी सो वापत प्राप्त हुने मूल्य अभिवृद्धिकर वापतको रकम संघीय संचित कोषमा पठाउनु पालिकाले ९३७५४१ ।दाखिला गर्नुपर्नेमा विभिन्न मितिमा ८७४२३२ दाखिला गरेकोले रु ६३३०९। संघीय संचित कोषमा पठाउनु पर्ने देखिएको रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ६३,३०९ |

### ६० बडाको पूँजिगत अनुदानवाट तलव भत्ता (१६-२०७९-८-२१):

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ४१ मा सरकारी रकम खर्च गर्दा विभिन्न शिर्षकमा स्विकृत तथा विनियोजन भएको रकम सो कार्यको लागी स्विकृत सिमाभित्र रहेको यकिन गरी खर्च लेख्नुपर्ने व्यवस्था छ ।पालिकाले सिंहदेवि आधारभुत विद्यालयलाई पूजिगत कार्यक्रम वडाको अनुदान तर्फको बजेटवाट चालुगत खर्च सहयोगि शिक्षकको लागी रु १ लाख भुक्तानी गरेको छ । पालिकाले पारित गरेको बजेटमा पूजिगत अनुदान को कार्यक्रम सिमा भित्र रहि खर्च गर्नुपर्नेमा चालुगत खर्च अर्थात् थप कर्मचारी राखी अनुदान दिएको नियमसम्मत नभएको रु

| | |
|---|---|
| अनियमित भएको | १,००,००० |

### ६१ अनुगमन भत्ता (७-२०८०-३-२३):

स्थानिय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धि ऐन २०७५ को दफा ३ मा अनुसुचि १ बमोजिमको सुविधा पाउने उल्लेख छ । त्यस्तै दफा १२ मा पदाधिकारीलाई कुनै सुविधा निर्धारण गर्नुपर्दा ऐनले तोकेका सुविधालाई अधिकतम मानि सम्वन्धित सभाले अधिकार क्षेत्र भित्रको आर्थिक श्रोत तथा अधिकार क्षेत्रका आधारमा निर्धारण गर्न सक्ने उल्लेख छ ।त्यस्तै दफा १४ मा ऐन वाहेकका सुविधा प्रदेश सरकारले समय समयमा निर्धारण गरेवमोजिम हुने उल्लेख छ । पालिका क्षेत्रमा आ व २०७९।८० मा सञ्चालित विभिन्न योजनाहरुको अनुगमन कार्य गरेवापत एकिकृत स्वास्थ्य पूर्वाधार कार्यक्रम शिर्षकवाट यस कार्यक्रम अन्तर्गतका कार्यक्रम वाहेकका योजनाको अनुगमन भत्ता वापत निम्नानुसारका विभिन्न पदाधिकारी तथा कर्मचारीलाई अनुगमन भत्ता खर्च लेखेको छ । यस प्रकारको अनुगमनको लागी भत्ता भुक्तानी गर्न मिल्ने आधार नदेखिएकोले सो भुक्तानी गर्न मिल्ने आधार पेश गर्ने अन्यथा सम्वन्धितहरुवाट असुल गरि दाखिला गर्नुपर्ने रु

| सि न | पदाधिकारी तथा कर्मचारी | भत्ता रकम |
|---|---|---|
| १ | विमला के सि | २५००० |
| २ | रामहरी न्यौपाने | १०००० |

| | | |
|---|---|---|
| ३ | सुजन कार्कि | १५००० |
| ४ | मिलन कार्कि | १०००० |

✂ ..........*(प्रारम्भिक प्रतिवेदन उपर साबित्री पौडेल र अम्बिका बस्नेतको बेरुजु असुली भइ प्रमाण पेश भएको आधारमा मिति २०८१।१।२३ को निर्णयबाट रु.१०,०००। सम्परीक्षण गरिएको ।)*

| | |
|---|---|
| असुल गर्नुपर्ने | ६०,००० |

६२ **कर्मचारी करार**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको र सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । त्यसै गरी सोही ऐनको २०७४ को दफा ८३(८) वमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्टीसियन, 'चौकिदार÷, मालि, बगैंचे लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेको छ । त्यस्तै बागमती प्रदेश "स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ को दफा १६(१) स्थानीय सेवाका कर्मचारी गनुपर्ने कामको लागि कुनै पनि व्यक्तिलाई ज्यालादारी वा करारमा नियुक्त गर्न नपाइने उल्लेख छ ।तर पालिकाले पेश गरेको विवरणअनुसार प्रदेश तथा संघीय सशर्त वाहेकका दरवन्दि वाहिरका पद ईन्जिनियर १ (सुजन कार्की) लाई विगत ४ वर्ष देखि नै करारमा राखि भुक्तानी गरेको जनाएको छ । यस वर्ष पनि उल्लेखित पदमा रु. ५६७९५७ खर्च लेखेको नियमसम्मत नदेखीएको रु.

| | |
|---|---|
| अनियमित भएको | ५,६७,९५७ |

६३ **पोशाक खर्च** (४६७-२०८०-३-२१):

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ मा खर्चमा मितव्ययिता कायम गर्नुपर्ने र भुक्तानीमा रीत पुगे नपुगेको जाँच गरी भुक्तानी गर्नुपर्ने व्यवस्था छ । पालिकाको नवनिर्मित भवन उदघाटन कार्यक्रममा कार्यपालिकाको निर्णय बमोजिम एउटै पोशाक लगाउने परिपाटि कायम राख्न भनि ११ जना महिला जनप्रतिनिधिहरुलाई रु.१०००० का दरले ११ सेटको जम्मा रु. ११०००० मूल्यको ढाका तयारी साडि चोलो नुवाकोट हस्तकला ढाका उद्योगबाट खरिद गरी हस्तान्तरण गरेको देखिन्छ । यस प्रकारको खर्चमा नियन्त्रण गर्ने र थप व्ययभार नपर्ने गरी मितव्ययिता कायम गर्नुपर्ने देखिन्छ ।

६४ **प्राविधिक सहायकको फिल्ड भत्ता**

स्थानीय तहमा प्राविधिक सहायक र रोजगार सहायक पदपूर्ति सम्बन्धी मापदण्ड २०७८ को दफा नं १३(१) मा प्राविधिक सहायक र रोजगार सहायकले मन्त्रालयबाट वार्षिक स्वीकृत कार्यक्रम अनुरुप स्थानीय तहको सेवाको सहायक पाँचौ तह सरहको पदले पाउने तलब, स्थानीय भत्ता, पोषाक भत्ता र चाडपर्व खर्च पाउने व्यवस्था रहेको छ । साथै

दफा नं१३(२) मा सम्बन्धित स्थानीय तहले प्राविधिक सहायक र रोजगार सहायकलाइ आफ्नै स्रोतबाट व्यहोर्ने गरी उपदफा (१) बाहेकका थप सुविधाहरु प्रदान गर्न सक्ने व्यवस्था रहेको छ ।

तर, पालिकाले आफ्नै कार्यविधि बनाइ प्राविधिक सहायकलाइ दूरीका हिसाबले फिल्ड भत्ता तोकि रकम भूक्तानी गरेको छ । पालिकाले गो भौ नं १५४।०८०।३। ५ बाट प्राविधिक सहायक श्री कपिल शाहलाइ प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका विभिन्न योजनाहरुमा निरीक्षण गरे बापत सशर्ततर्फको रकमबाट फिल्ड भत्ता रु ७५० का दरले कुल रु ३८२५०।- भूक्तानी गरेको छ । यसरी फिल्ड भत्ता वितरण गर्नु नियमसम्मत नदेखिएको रु

| | |
|---|---|
| अनियमित भएको | ३८,२५० |

६५ **एक शिक्षक एक ल्यापटप कार्यक्रम** (४६३-२०८०-३-२१):

आर्थिक कार्यविधि तथा वित्तिय उतरदायित्व ऐन २०७६ को दफा २८ मा जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको जिन्सि मालसमान ७ दिनभित्र यथास्थानमा दाखिला गरी श्रेस्ता खडा गर्नुपर्ने र जिन्सि बुझाउदा बुझेको व्यत्तिको रीत पूर्वकको भर्पाई राख्नुपर्ने व्यवस्था छ ।पालिकाले शिलबन्दि दरभाउ पत्र मार्फत टेक वर्ल्ड डिष्ट्रिव्यूसन प्रा.लि. बाट १ थान HP ल्यापटप १० थान HP Prodex 400 G7 intel डेस्कटप र HPLasermfp 135A ११ थान प्रिन्टर गरी कूल रु. ९१२५९५ खरीद गरेकोमा वनदेवी आधारभुत विद्यालय लगायत विभिन्न १४ वटा विद्यालयले ९ थान डेस्कटप र १० थान प्रिन्टर बुझेको भर्पाई पेश भईबाकि १थान ल्यापटप, १ थान प्रिन्टर तथा १ थान डेस्कटप बुझेको भर्पाई पेश नभएकोले सोको प्रमाण पेश गर्नुपर्ने। साथै विद्यालयहरुको जिन्सि खातामा जिन्सी दाखिला प्रमाण पेश नभएकाले सोको प्रमाण पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ९,१२,५९५ |

६६ **गाडी भाडा**

सार्वजनिक खरीद ऐन २०६३ को दफा ८(२) मा सार्वजनिक निकायले वस्तु वा सेवा खरीद गर्दा प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा-टुक्रा पारी खरीद गर्नु हुदैन भन्ने व्यवस्था छ। त्यस्तै सार्वजनिक खरीद नियमावली २०६४ को नियम ८५ मा रु. १० लाख रुपैया सम्मको खरीद कार्य सोझै गर्न सकिने रु. १० लाख भन्दा माथि रु.२० लाख सम्म शिलबन्दि दरभाउपत्रबाट र सो भन्दा माथि बोलपत्रको माध्यमबाट खरीद गर्नुपर्ने व्यवस्था छ ।पालिकाले पालिकाको दैनिक कामकाजकालागि कोटेशनका माध्यमद्वारा मासिक रु. १६५००० गाडि भाडा (थप इन्धन खर्च पालिकाले व्यहोर्ने) भुक्तानि दिने गरी गाडि धनि श्री सुजन थापा गाडि नं.(प्र३०१-०२३ च ७०६५) सँग ६।६ महिनाको करार सम्झौतामा गाडि भाडामा लिएको देखिन्छ ।यसरी मासिक रु.१६५००० का दरले हिसाब गर्दा वार्षिक कूल रु. १९८०००० (थप इन्धन खर्च) पालिकाले व्यय व्यहोरेको देखिन्छ । यस्ता प्रकृतिका खर्चले पालिकालाई आर्थिक भार पर्ने भएकाले मितव्ययिता अपनाई यस्ता प्रकृतिका खर्चमा नियन्त्रण गर्नुपर्ने देखिन्छ ।

६७ **विद्यालय अनुदान** (४१४-२०८०-३-६):

***..........(प्रारम्भिक प्रतिवेदन उपर श्री ससकन्या आ विको बेरुजुको प्रमाण पेश भएको आधारमा मिति २०८१।१।२३ को निर्णयबाट रु.३००,०००। सम्परीक्षण गरिएको ।)***

६८ **अवलोकन भ्रमण खर्च** (४०६-२०८०-२-३०):

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(१०) बमोजिम जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च गर्न वा भुक्तानि दिन आवश्यक विल भर्पाइ प्रमाण कागजातसंलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानि दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्दछ । महिला बालाबालिका ज्येष्ठ नागरिक अपाङ्ग लक्षित कार्यक्रम सञ्चालन वापत न्यायिक सहजकर्ता श्री सुलोचना गजुरेलको पेश्कि फछ्यौंटमा कूल भुक्तानि रु. ३३०००० भएकोमा निजले पेश गरेको भ्रमण प्रतिवेदन अनुसार अन्तरपालिका अवलोकन भ्रमण गर्न सुनसरी, धरान, धनकुटा र भोजपुर गएकोमा अवलोकन भ्रमणमा को-को पदाधिकारी गएको नाम-नामेसि तथा भर्पाई पेश नभएकाले सोको प्रमाण पेश गर्नु पर्नेसाथै भ्रमण प्रतिवेदनमा पेश भएको खर्चको तेरीज अनुसार अवलोकन भ्रमणमा ईन्धन खर्च रु. ५९९८७ पेश गरेकोमा ईन्धन विल परीक्षण गर्दा रु. ५०९८५ को मात्र ईन्धन विल पेश भएकोले अपुग विल रकम रु. ९००२ असूल उपर गरी राजश्व दाखिला गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ९,००२ |

६९ **अनुगमन भत्ता**

स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन, २०७५ को दफा १२ मा पदाधिकारी, सदस्य तथा सभाका सदस्यका लागि कुनै पनि सुविधा निर्धारण गर्दा यस ऐनले तोकिदिएका सुविधालाइ अधिकतम सुविधा मानेर सम्बन्धित सभाले आफ्नो अधिकार क्षेत्रभित्रका आर्थिक श्रोत तथा क्षमताका आधारमा निर्धारण गर्न सक्ने व्यवस्था रहेको छ ।

साथै अर्थ मन्त्रालयद्धारा प्रकाशित कार्यसञ्चालन निर्देशिका २०७७ को बुँदा नं ७.१.५ मा अनुगमन भ्रमण टोली खटाउनु परेमा कामसँग प्रत्यक्ष सम्बन्धित कर्मचारी मात्र खटाउनुपर्ने र बढीमा ३ जनाको टोली खटाउनुपर्ने व्यवस्था रहेको छ । निर्देशिकामा कुनै पनि कार्यक्रम एंव आयोजनाको अनुगमन गरेबापत भत्ता भुक्तानी हुने भनि कहिँ कतै उल्लेख नभएको पाइयो । तर, पालिका अन्तर्गतका पदाधिकारी तथा कर्मचारीहरुले देहायका भौचरबाट संघीय सशर्त तर्फका कार्यक्रमहरुमा सहभागी भइ ऐन तथा निर्देशिकाले तोकेका बाहेकको अनुगमन भत्ता सुविधा बुझेको पाइयो । यसरी भत्ता भुक्तानी हुनु नियमसम्मत नदेखिएकोले सम्बन्धितबाट सो रकम असुल गर्नुपर्ने रु

| गो भौ नं | विवरण | अनुगमन संख्या | अनगमनकर्ताको संख्या | अनुगमन भत्ता दर | अनुगमन रकम कुल रु |
|---|---|---|---|---|---|
| ४१।०७९।९।१४ | पोषण कार्यक्रम ( नारायण थापा ) | २ पटक | ७ | १००० | १४,००० |
| १४५।०८०।२।२४ | गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम ( सुनिल खतिवडा ) | ६ पटक | ३ | १००० | १५,३०० |

| | | | | | |
|---|---|---|---|---|---|
| २१४।०८०।३।२३ | औलो तथा किटजन्य रोग नियन्त्रणको लागि अनुगमन ( हेम नारायण महतो ) | ३ देखि ८ पटक | ६ | १००० | २८,००० |
| | पोषण कार्यक्रम ( हेम नारायण महतो ) | १ देखि ५ पटक | ७ | १००० | २०,००० |
| | सुरक्षित मातृत्व तथा नवशिशु कार्यक्रम ( हेम नारायण महतो ) | २ देखि १५ पटक | ७ | १००० | ५९,००० |
| २२४।०८०।३।२४ | पोषण विशेष कार्यक्रम ( हेम नारायण महतो ) | ४ देखि ६ पटक | ६ | १००० | ३०,००० |
| जम्मा रु | | | | | १६६,३००। |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,६६,३०० |

७० **शीर्षक फरक पारी खर्च**

एकीकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या २०७४(दोश्रो परिमार्जन) बमोजिम जुन शीर्षकमा बजेट विनियोजन भएको हो सोही शीर्षकमा मात्र खर्च गर्न मिल्ने व्यवस्था रहेको छ । पालिकाले देहायका मिति र भौचरबाट विनियोजन भएको शीर्षकभन्दा फरक शीर्षकमा खर्च गरेको छ । यसरी विनियोजन भएको शीर्षक भन्दा फरक शीर्षकमा गरिएको खर्च अनियमित देखिएको रु

| गो भौ नं | खर्च हुनुपर्ने शीर्षक | खर्च भएको शीर्षक | संख्या | विवरण | रकम रु |
|---|---|---|---|---|---|
| २९।०७९।८।२५ | स्थानीय तहका स्वास्थ्य चौकी, प्रा . स्वा . के र अस्पतालहरुमा कार्यरत कर्मचारीहरुको तलव , महंगी भत्ता , स्थानीय भत्ता , पोषाक लगायत प्रशासनिक खर्च | मोटरसाइकल खरिद | २ | वडाध्यक्ष | ५६५, ०००। - |

| | |
|---|---|
| अनियमित भएको | ५,६५,००० |

## ७१ उद्यम लागत सहभागिता नरहेको

गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम निर्देशिका २०७७ को दफा ४१ मा प्रविधि हस्तान्तरण गर्दा कार्यालयको ८०% सम्म र लाभग्राहीको २०% सम्म सहभागिता हुनुपर्ने व्यवस्था छ ।तर पालिकाले लघु उद्यम विकास कार्यक्रम अन्तर्गत गो भौ नं १००।०७९।१२।२३ मा के के सप्लायर्सबाट १४ थान सिलाइ मेसिन र १४ वटा कैंची खरिद गरी देहाय बमोजिमका विभिन्न ४ वटा समूहलाइ सामाग्रीहरु वितरण गरेको छ । सहभागीलाइ यसरी प्रविधि हस्तान्तरण गर्दा सहभागीको अंश २०% हुनुपर्नेमा १००% खर्च पालिकाले नै व्यहोरेको पाइएकोले लागतको २०% सहभागिता रकम सम्बन्धित समूहबाट देहाय बमोजिम असुल गर्नुपर्ने रु

| क सं | लाभग्राही समूहको नाम | विवरण | रकम रु | सहभागिता हुनुपर्ने रकम रु |
|---|---|---|---|---|
| १ | कालिका लघुउद्यमी समूह | ७ वटा सिलाइ मेसिन र ७ वटा कैंची | ८५३८८।- | १७०७७।- |
| २ | सप्तकन्या लघुउद्यमी समूह | १ वटा सिलाइ मेसिन र १ वटा कैंची | १२१९८।- | २४३९।- |
| ३ | थप्रेक लघुउद्यमी समूह | १ वटा सिलाइ मेसिन र १ वटा कैंची | १२१९८।- | २४३९।- |
| ४ | मंगला लघुउद्यमी समूह | ५ वटा सिलाइ मेसिन र ५ वटा कैंची | ६०९९१।- | १२१९८।- |
| जम्मा रकम रु | | | | ३४१५३।- |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३४,१५३ |

## ७२ गर्भवती तथा सुत्केरीको साथी उपाध्यक्ष कार्यक्रम

पालिकाभित्र रहेका गर्भवती महिलाहरुको पहिचान गरी निजहरुलाई दिनुपर्ने स्वास्थ्य र पोषण सम्बन्धि सेवाको पहुच र उपलब्धतामा वृद्धि गर्न महिलाहरुको स्वास्थ्य र पोषण सम्बन्धी परम्परागत व्यवहारलाई परिवर्तन गर्दै गर्भ जाँच गर्ने कार्यलाई अति संवेदनशिल तथा अति आवश्यक कार्यको रुपमा कार्यान्वयन गर्न र संस्थागत सुत्केरी गर्ने गराउने कार्यलाई प्रोत्साहन गरि सुरक्षित मातृत्व सेवालाई थप प्रभावकारी बनाउन पालिकाले गर्भवती तथा सुत्केरी महिलाहरुका लागि गर्भवती तथा सुत्केरीको साथी उपाध्यक्ष कार्यक्रम कार्यान्वयन निर्देशिका, २०७६ (परिमार्जन २०७९) बमोजिमगर्भवती सम्बन्धी विभिन्न कार्यक्रम, अण्डा वितरण तथा क्याल्सियम चक्की वितरणवापत कूल रु. ५७३१३० खर्च गरेको देखिन्छ ।

## ७३ फरक कार्यक्रममा खर्च

गाँउसभाद्धारा पारीत वार्षिक निति तथा कार्यक्रम अनुसार कार्यक्रम तथा योजना सञ्चालन गर्नुपर्दछ । पालिकाले देहायका कार्यक्रमहरु गाँउसभाबाट अनुमोदन नगराई गाँउकार्यपालिकाको निर्णयका आधारमा फरक कार्यक्रममा खर्च लेखेको रकम अनियमित भएकोले नियमित गर्नुपर्ने रु.

| भौ. नं . र मिति | खर्च गर्नुपर्ने शिर्षकको नाम | खर्च गरिएको शिर्षकको नाम | खर्च रकम |
|---|---|---|---|
| ४७२।०८०।३।२३ | फलफूल( आँप , लिचि , कागती , सुन्तला , नास्पाती ) विरुवा वितरण ५० % अनुदानमा | रोजगार सेवा कार्यक्रम | १००००० |
| ४७२।०८०।३।२३ | धान दिवस कार्यक्रम | रोजगार सेवा कार्यक्रम | २०००० |
| ४४७।०८०।३।१९ | वाली संरक्षण सेवा कार्यक्रम ( रोग किरा झारनाशक विषादीर सुक्ष्म तत्त्व ५० % अनुदानमा वितरण ) | कृषि विकास शाखा ( प्राङ्गारीक मल खरीद ) | १४८५०० |
| | | जम्मा | २६८५०० |

| | |
|---|---|
| अनियमित भएको | २,६८,५०० |

७४ **मिनि टिलर मेशिन** (४८३-२०८०-३-२४):

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(१०) बमोजिम जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च गर्न वा भुक्तानि दिन आवश्यक विल भर्पाइ प्रमाण कागजातसंलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानि दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्दछ ।पालिकाले शिलबन्दि दरभाउपत्रमार्फत ५०% अनुदानमा २१ थान मिनि टिलर र ११ थान मल्टि कम थ्रेसर पि. एच. ट्रेड सेन्टरसँगखरीद गर्ने सम्झौता भएको देखिन्छ । सम्झौता बमोजिम पि. एच. ट्रेड सेन्टरले २१ थान मिनि टिलर र ११ थान मल्टि कम थ्रेसरको जम्मा रु.१२६२००० को विल पेश गरेकोमा पालिकाले सम्झौता बमोजिम ५०% अनुदान वापत रु. ६३१००० भुक्तानि गर्नुपर्नेमा रु. ६८१४०२ पि. एच. ट्रेड सेन्टरको नाममा भुक्तानि भएको देखियो । यसरी सम्झौता रकम भन्दा बढि भुक्तानि भएको रकम पि. एच. ट्रेड सेन्टरसँग असूल उपर गरी राजश्व दाखिला गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ५०,४०२ |

### ७५ भ्रमण खर्च

बाग्मती प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन, २०७५ को दफा ५(३) को उपदफा (१)बमोजिम तीन दिन सम्मको भ्रमण आदेश अध्यक्ष/प्रमुखको हकमा स्वंयले स्वीकृत गर्न सक्ने र सोभन्दा बढी दिनको भ्रमण आदेशको लागि कार्यपालिकाको बैठकबाट स्वीकृत वा अनुमोदन गर्नु पर्ने उल्लेख छ । पालिका अध्यक्ष श्री तेज बहादुर तामाङको ३ दिन भन्दा बढि अवधिको देहायका भ्रमण आदेशमा कार्यपालिकाको स्विकृति नदेखिएकोले सो रकम नियमित गर्नु पर्ने रु.

| भौ. नं . र मिति | भ्रमण अवधि | खर्च रकम |
|---|---|---|
| ४६१।०८०।३।२० | २०८०।१।४ देखि २०८०।१।९ सम्म ६ दिन | ८८०० |
| | २०८०।२।७ देखि २०८०।२।११ सम्म ५ दिन | ६८०० |
| | ०८०।१२।१० देखि ०८०।१२।१४ सम्म ५दिन | ६८०० |
| | जम्मा | २२४०० |

| | |
|---|---|
| अनियमित भएको | २२,४०० |

### ७६ पुरस्कार रकम (२५-२०७९-६-९):

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(१०) बमोजिम जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च गर्न वा भुक्तानि दिन आवश्यक विल भर्पाइ प्रमाण कागजातसंलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानि दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्दछ ।चेयरमेन कप भलिबल प्रतियोगितामा विजयी २२ जना खेलाडिलाई प्रोत्साहन स्वरुपको सम्मान पुरस्कार स्वरुप रु. ५००० देखी रु. ४५००० सम्म गरी कुल रु. ५१०००० भुक्तानी भएको देखिन्छ । यस्ता खर्चले पालिकामाथि थप व्ययभार पर्ने भएकाले यस्ता खर्चमा नियन्त्रण गर्नुपर्दछ ।

### ७७ नापी किताब पेश नभएको

***..........(प्रारम्भिक प्रतिवेदन उपर बेरुजुको प्रमाण पेश भएको आधारमा मिति २०८१।१।२१ को निर्णयबाट रु.२१६,६०३। सम्परीक्षण गरिएको ।)***

### ७८ कार्यक्रम वेगर खर्च

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(१०) बमोजिम जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च गर्न वा भुक्तानि दिन आवश्यक विल भर्पाइ प्रमाण कागजातसंलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानि दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्दछ ।पालिकाले विभिन्न खर्च शिर्षकमा देहायका खर्च

गरेको विल पेश गरेतापनि खर्च पुष्टि गर्ने स्पष्ट कागजात पेश गरेको देखिएन । यसरी कार्यक्रम सञ्चालन वेगर भुक्तानि भएको रकम अनियमित भएको रु.

| भौन र मिति | खर्च शिर्षक | खर्च रकम | भुक्तानि पाउनेको नाम |
|---|---|---|---|
| ४८२।०८०।३।२४ | खेलकुद प्रर्वद्धन कार्यक्रम चेयरमेन कप भलिवल प्रतियोगिता | १२६७३६ | हरिकृष्ण थापा ( आकृति होटल एण्ड खाजा घर ) |
| | सभा सञ्चालन खर्च | ५८७७४ | |
| ४८६।०८०।३।२४ | सभा सञ्चालन खर्च | १५४२११ | आकृति होटल एण्ड खाजा घर |
| | विविध खर्च | ७५९९९ | |
| ४३३।०८०।३।१४ | खेलकुद प्रर्वद्धन कार्यक्रम चेयरमेन कप भलिवल प्रतियोगिता | ७७८०० | कृषि शाखा प्रमुख श्री सुदिप भट्टराई |

| | |
|---|---|
| अनियमित भएको | ४,९३,५२० |

७९ **शिर्षक फरक पारी खर्च**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३८ बमोजिम खर्च गर्दा स्विकृत बजेट तथा सम्बन्धित शिर्षकबाट गर्नुपर्ने उल्लेख छ ।पालिकाले देहायका खर्च, शिर्षक फरक पारी गरेको खर्च नियमसम्मत नभएको रु.

| भौ. नं . र मिति | भएको खर्च शिर्षक | हुनुपर्ने खर्च शिर्षक | भुक्तानि रकम | कैफियत |
|---|---|---|---|---|
| १६।०७९।६।६ | मसलन्द तथा कार्यालय सामाग्री | सवारी साधन मर्मत सम्भार | ३०००० | स्कारपियोको टायर खरिद गरेको २ थान |
| ११३।०७९।८।१५ | मसलन्द तथा कार्यालय सामाग्री | सवारी साधन मर्मत सम्भार | ४२००० | गाडीको टायर फेरेकोमा शिर्षक फरक पारी खर्च गरेको |
| ४१३।०८०।३।६ | खेलकुद प्रर्बधन कार्यक्रम चेयरमेन कप भलिबल | विविध खर्च | २९७५९७ | पालिकाको भवन उदघाटन कार्यक्रम वापत खाजा खर्च |

| | | | | |
|---|---|---|---|---|
| | प्रतियोगिता कार्यक्रम निरन्तरता | | | |
| ४२९।०८०।३।१३ | करार सेवा शुल्क | MIS Operator फिल्ड सहायक | ५३८६ | MIS Operator रोमन श्रेष्ठको नपुग असारको तलब भुक्तानी |
| जम्मा | | | ३७४९८३ | |

| | |
|---|---|
| अनियमित भएको | ३,७४,९८३ |

८० **पदाधिकारी बैठक भत्ता** (४४६-२०८०-३-१९):

✂ ***..........(प्रारम्भिक प्रतिवेदन उपर बेरुजु असुली भइ प्रमाण पेश भएको आधारमा मिति २०८१।१।२५ को निर्णयबाट रु.१०,२००। सम्परीक्षण गरिएको ।)***

८१ **हेभी मेशिन प्रयोग**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांश मा लागत अनुमान तयार गर्दा को समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धीत प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धीत योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइएता पनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धीत प्राविधिकको सिफारिश गराई कार्यपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन ।

| गो भौ नं | योजनाको नाम | ठेकेदार | भूक्तानी रकम | मेशिनको प्रयोग |
|---|---|---|---|---|
| २७।९।१८ | वडा नं २ सडक योजना | पावर कन्स्ट्रक्सन प्रा लि | १२४८००० | ९७८५०० |
| ३०।९।२० | वडा नं ४ सडक योजना | थप्रेक जाल्पा कन्स्ट्रसन प्रा लि | १३४४००० | १४८५०९९ |
| ३९।९।२९ | वडा नं ५ सडक योजना | शुभम सतिदेवि कन्स्ट्रक्सन प्रा लि | १२४८००० | १२२४७८४ |

## ८२ कन्टीजेन्सी खर्च

८२.१ (क) आधारभूत स्वास्थ्थ सेवामा नागरिकहरुको पहुच सुनिश्चित गर्नका लागि यस पालिकामा १० शैयाको आधारभूत अस्पताल निर्माणका लागि मु अ कर र कन्टिजेन्सी सहित रु १३३४१७९०१।७० सूचना प्रकाशन भै सवैभन्दा कम दररेट पेश गर्ने वल्डवाइज ।जल्केनी ।वागेश्वरी जे भी संग मिति २०८७।४।१२ मा दुइ वर्षमा कार्य सम्पन्न गर्ने गरी ७९६३३१६२।७२ सम्झौता भई सकेपछि कार्यदेश दिएकोमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालय को मिति २०७९।५।२८ को पत्र अनुसार यस पालिकाको अस्पतालको ड्रइङ्ग डिजाइन नक्शा रिभ्यु गरेको भनि ठेक्का सम्झौता लगाएको करीव १ वर्ष पछि मात्र मन्त्रालयले टेन्डर प्रक्रिया अगाडी वढाउनु भनि पत्र पेश भएकोले एक वर्ष अगाडी नै ठेक्का प्रक्रिया वढी सकेपछी हाल सम्म ३१५५०१०२।८२ भूक्तानी भएको छ । एक वर्ष पछि मन्त्रालयले नक्सा रिभ्यु गरेको कारणवाट एक वर्ष म्याद अर्थात २०८१।३।मसान्ततक म्याद थप भएको छ ।समयमै पालिकाको डि पि आर नहुदा कार्य ढिला हुन गएको छ भने त्यसको प्रत्यक्ष असर मूल्य समायोजन म्याद थप पर्ने हुनाले मन्त्रालयले समयमै डि पि आरको रिभ्यु गरिनु पर्दछ ।

८२.२ ख) सार्वजनिक खरीद नियमावली २०६४ को नियम ११९ मा सार्वजनिक निकायले मूल्य समायोजन गर्न सकिने व्यवस्था खरिद सम्झौता अनुसार ३ वटा वीलको मूल्य समायोजन वापत रु २७०७८७२।भक्तानी भएको छ ।

त्यस्तै सार्वजनिक खरीद नियमावली २०६४ को नियम १० मा सार्वजनिक निकायले निर्माण कार्यको को लागत अनुमान तयार गर्दा नियम ९ को अधिनमा रही तयार गर्नु पर्ने र सोही नियमावलीको अनुसुची १ मा वर्क चार्ट स्टाफ खर्च सानातिना अन्य खर्च र फिजिकल कन्टीजेन्सी खर्च गर्ने मा सम्वन्धित मन्त्रालय वा केन्द्रीय निकायवाट कार्यविधि स्वीकर्त गराई खर्च गर्नु पर्ने व्यवस्था रहेको छ ।पालिकाले १० शैयाको भवन निर्माण को बजेटवाट कन्टेजेन्सी वापत रु १४,२२,४६८। खर्च लेखेको छ ।जुन कार्यक्रममा जुन कामको लागि गरिनु पर्ने खर्च सोही कार्यक्रममा नगरी भलिवल प्रतियोगिता, आ र के कोर डेकोर, जस्ता मा खर्च गरेको छ । योजना संग सम्वनधित प्रत्यक्ष खर्च संग गर्नु भन्दा अन्य कार्यमा खर्च गरेको नियमित देखिएन ।

## ८३ रकमान्तर तथा श्रोतान्तर नगरेको

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३८ (क) अनुसार स्वीकृत वार्षिक बजेट तथा कार्यक्रम र सम्बन्धीत खर्च शीर्षकमा परेको र खर्च गर्न बाँको रहेको र सोही नियमावली ३२ को रकमान्तर तथा श्रोतान्तर नगरी संघीय सरकारको प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत को कार्यक्रम मा खर्च भएकोमा विभिन्न मितिमा प्रधानमन्त्री रोजगार कार्यक्रम मा स्थानीय निर्देशक समितिको पालिकाका अध्यक्षतामा वैठक वसि रु १,२०,००० खर्च लेखेकोमा जुन कार्यक्रममा वजेट खर्च गर्नुपर्नेमा सो नगरी संघीय सरकारको कार्यक्रममा प्रदेस सरकारको रकम खर्च गरेको नियमित नदेखिएको रु

| | |
|---|---|
| अनियमित भएको | १,२०,००० |

## ८४ बढी भुक्तानी

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११८ खरीद सम्झौताका वखत पुर्मानुमान गर्न नसकिएको भए ऐनको दफा ५४ वमोजिम भरिएशन आदेश जारी गर्न सकिने व्यवस्था रहेको छ । तर पालिकाले वि ओ क्युको आइटम न २ मा अर्थवर्क सफ्ट सोइल कार्यका लागि १२३३।५५ परिमाण वि ओ क्युमा भएकोमा प्रथम रनिङ्ग विलको सतिदेवी

मञ्जरी कन्ट्रक्सन लाई भूक्तानी हुदा १५१९।३ परिमाणको भूक्तानी भएकोले भेरीएशन आदेश वेगर तोकिएको परिमाण भन्दा बढी परिमाण भूक्तानी भएको २८७।७५ को दररेट १५० का दरले हुने रु ४३,१६२।५।मा मु अ कर ५६११।१२ ले हुने रु असुल गर्नुपर्ने

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४८,७७३ |

८५ **शत प्रतिशत कर भूक्तानी** (१९-२०८०-२-९):

(प्रदेश सरकारवाट हस्तान्तरण कार्यक्रम)

मूल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम ६ ग अनुसार मू.अ.कर रकमको ३० प्रतिशत सम्बन्धीत राजस्व शीर्षकमा र बाँकी ७० प्रतिशत सम्बन्धीत फर्मलाई भुक्तानी दिनुपर्ने उल्लेख छ । तर पालिकाले घट्टेखोला मुहान वरुटोल सिचाईको लागी जम्मा रु १३००००० भूक्तानीमा गुरुवाचार्य हार्डवेयरलाई सिमेन्ट तथा पाईप लगायतको लागी विजक नं ०४६१।०७९।८० वाट मूल्य अभिवद्धि कर रु १०२७११ समेत रु ८९२७९९ भूक्तानी गरेको छ । सो भूक्तानीमा ३० % मूल्य अभिवृद्धि कर कट्टि गरी वाँकि भूक्तानी गर्नुपर्नेमा शत प्रतिशत कर भूक्तानी दिएकोले सो कर विजकवाट भूक्तानी भएको करको कर कार्यालयवाट समायोजन भएको प्रमाण पेश गर्नुपर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३०,८१३ |

८६ **भूक्तानी दिन वाकीको कच्चावारी वेगर भूक्तानी**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावलि , २०७७ को नियम ३९ (५) मा सरकारी रकम खर्च गर्दा पुष्टी हुने वील भरपाई प्रमाण र कागताजका साथ लेखा राख्नु पर्ने व्यवस्था रहेको छ । पालिकाले आ .व. २०७५।७६ तादी खोला मा निर्माण सम्पन्न भएको रकम भूक्तानी वाकी रहेको भनि डिप्रक्स नेपालको सिफारिसमा तादी झोलुङ्गेपुल उपभोक्ता समितिलाई भूक्तानी दिएकोले सो रकम भूक्तानी दिन वाकीको कच्चावारी वेगर भूक्तानी दिन वाकी रहे नरहेको एकीन नभएको अवस्थामा डिप्रोक्सको पत्रका आधारमा भूक्तानी दिनु नियमित नदेखिएको रु

| | |
|---|---|
| अनियमित भएको | १,६०,००० |

८७ **थप सामाजिक सुरक्षा भत्ता वितरण**

सामाजिक सुरक्षा ऐन २०७५ को दफा २० को उपदफा २ मा नेपाल सरकारले वितरण गर्ने सामाजिक सुरक्षा दोहोरो पर्ने गरी प्रदेश तथा स्थानीय सरकारबाट तत् तत् शिर्षकमा थप सामाजिक सुरक्षा भत्ता विवरण नगर्ने व्यवस्था रहेको छ । पालिकाले गा पा भित्रका ८० वर्षभन्दा माथिका जेष्ठ नागरिकलाई उपचार खर्च शिर्षकबाट २९३ जनालाइ मासिक रु १००० को दरले खर्च गरेको नियमित नदेखिएको रु

| | |
|---|---|
| अनियमित भएको | ३४,६८,००० |

## ८८ सामाजिक सुरक्षा

८८.१ सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा १० मा भत्ता पाउने लाभग्राहीको फोटो सहितको मुल अभिलेख नियमावलीको अनुसुची-३ बमोजिम लक्षित समुह अनुसार छुट्टाछुट्टै अद्यावधिक गरी स्थानीय तह र प्रत्येक वडामा राख्नुपर्ने व्यवस्था भएता पनि पालिका र वडाले उक्त व्यवस्थाको कार्यान्वयन गरेको नदेखिदा अनिवार्य रुपमा लाभग्राहीको फोटो सहितको अभिलेख राख्नु पर्ने ।

८८.२ क) सोही कार्यविधिको दफा ११ मा लगत कट्टा गर्ने व्यवस्था भएअनुसार लगत कट्टा गरेको तथा अनुसुचि ११ बमोजिमको विवरण माग गरी रकम फिर्ता गरेको पाइयो । दफा २३ र २६ मा बैंकले लाभग्राहीको बैंकको निश्क्रिय खाताको जानकारी प्रत्येक श्रावण महिना भित्र विभाग र स्थानीय तहलाइ दिनुपर्ने साथै रकम नझिकेका लाभग्राहीको विवरण अनुसुची ११ बमोजिम ढाँचामा प्राप्त गरी स्थानीय तहले आवश्यक छानविन गरी कुनै कारणले भत्ता प्राप्त गर्न योग्य नपाइएमा रकम फिर्ता गरी संघीय संचित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था रहेको मा सो वमोजिम बैंकले जानकारी दिएको देखिएन साथै अनुसुची ११ बमोजिमको विवरण प्राप्त नहुँदा निश्क्रिय खाताको रकम एकिन गर्न तथा वढी भूक्तानीको गणना गर्न सकिएन ।

८८.३ ख) सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत भत्ता वितरण गर्दा सामाजिक सुरक्षा ऐन, २०७५ सामाजिक सुरक्षा नियमावली, २०७६, सामाजिक सुरक्षा भत्ता संचालन कार्यविधि, २०७७ को प्रावधान वमोजिम गर्नु पर्ने व्यवस्था छ ।यस पालिकालाई सामाजिक सुरक्षा कार्यक्रमको लागि यो वर्ष नेपाल सरकार बाट रु ८,८६,९९,००० बजेट प्राप्त भएकोमा रु ८,८२,०५,१२८ निकासा भइ बैंकले लाभग्राही खातामा दाखिला गरी फिर्ता भएको आ व ०७९/८० को लेखापरीक्षण अवधि मिति २०८०/६/१ सम्मको बाँकी रु १०८२०८.८२ संघीय संचित कोषमा दाखिला गरेको प्रमाण पेश गर्नुपर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,०८,२०८.८२ |

८८.४ ग) एकै व्यक्तिलाई दोहोरो भूक्तानी दिएको : सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ ले लाभग्राहीको नाम दर्ता र नवीकरण, लगत कट्टा तोकिएको मिति भित्रै परिचयपत्र अनिवार्य रुपमा नवीकरण गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने, प्रत्येक बर्ष लगत अध्यावधिक गरी लाभग्राहीको संख्या दोहोरिएको यकिन गर्नुपर्ने, भत्ता वितरण गर्दा बैंक मार्फत भत्ता वितरण गर्नुपर्ने, सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गर्न नियमित रुपमा अनुगमन गर्नुपर्ने, केन्द्रिकृत सूचना प्रणालीमा प्रविष्टी गरि अधावधिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्वन्धित स्थानीय निकायको हुने व्यवस्था रहेकोमा पालिकाले नागरिकता नं अद्यावधिक नगरी एउटै व्यक्तिको नाममा दोहोरो भूक्तानि गएको देखिन्छ । यसरी दोहोरो भूक्तानी गएको रकम एकिन गरी असुल उपर गर्नुपर्ने रु

| परिचय पत्र नं | दोस्रो परिचय पत्र नं | नाम | उमेर | जन्म मिति | ना प्र प नं | जम्मा रकम |
|---|---|---|---|---|---|---|
| 2009031502734 | 2009031510141 | Kanchhi Rai | 71 | 15-03-2009 | 31382 | ४८००० |

***...........(प्रारम्भिक प्रतिवेदन उपर बालकुमारी श्रेष्ठ, साबित्री मिश्र, गोमा सुबेदी, सान्कान्छी राइ र नानी श्रेष्ठको बेरुजु आंशिक असुली भइ प्रमाण पेश भएको आधारमा असुली भएको रकम कट्टा गरी बाँकी रकम बेरुजु कायम गर्न मिति २०८१।१।२५ को निर्णयबाट रु.२४०,०००। सम्परीक्षण गरिएको ।)***

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४८,००० |

८८.५ ✂ ***...........(प्रारम्भिक प्रतिवेदन उपर बेरुजुको प्रमाण पेश भएको आधारमा मिति २०८१।१।२५ को निर्णयबाट रु.५८०,४५८। सम्परीक्षण गरिएको ।)***

८९ **दहत्तर वहत्तर**

बागमती प्रदेशको आर्थिक ऐन, २०७८ को दफा ९ को उपदफा २ मा स्थानीय तहले प्रचलित कानूनमा तोकिएको दरमा नघट्ने गरी सामाग्रीको विक्रि मूल्य तोक्न सक्ने व्यवस्था रहेको छ ।उक्त ऐन मा दहत्तर वहत्तर वापत प्रति क्यु फिट रु ९ तोकेको छ । प्रदेश आर्थिक कार्यविधि ऐन २०७४ को दफा २४ र २५ मा राजश्व तथा नगद जिन्सी दाखिला सम्बन्धि व्यवस्थामा सरकारी राजश्व तथा नगद प्राप्त भएकै दिन दाखिला गर्नुपर्ने र सो नगरेमा १० दिन सम्म दश प्रतिशत जरिवाना सहित दाखिला गर्न लगाउने व्यवस्था रहेको छ ।साथै सोही दफामा जिम्मेवार व्यक्तिले समयमै रकम दाखिला गर्न नसकेमा त्यसको मनासिव कारण खुलाइ एक तह माथिको अधिकारीले एकै पटक वा पटक पटक गरी वढीमा तीस दिन सम्म समय थप्न सक्ने व्यवस्था रहेको छ । यस पालिकाको गाँउ कार्यपालिकाको मिति २०७८/४/२९ गतेको वैठकले पालिकाभित्रका स्थानीयलाई रु ६ र पालिका वाहिर रु ९ मूल्य निर्धारण गरेको पाइयो । पालिकाले ऐन विपरित कर छूट दिँदा रु ३,९९,०८० संकलन गरेको देखियो । प्रदेश कानून वमोजिम संकलन गर्दा ५,६२,७१४.37 संकलन गर्नुपर्नेमा कम रु १,६३,६३४.37 संकलन गरेको छ ।पालिकाले दहत्तर वहत्तरबाट संकलित रकम वैंक दाखिला समेत नभएकोले दाखिला गर्नुपर्ने रु

| वडा नं/ नाम | संकलित रकम | वैंक दाखिला | दाखिला गर्न बाँकी | १० प्रतिशत जरिवाना | असुल गर्नुपर्ने |
|---|---|---|---|---|---|
| १ | ३२२८९० | ३२२८९० | | | |
| २ | ७५९५७२ | ७५९५७२ | | | |
| ३ | ७०५०८६ | ७०५०८६ | | | |
| ४ | ८९६१३७ | ८९६१३७ | | | |
| ५ | ६२२४४७ | ६२२४४७ | | | |
| आशिष राई | ३७२५५ | ० | ३७२५५ | ३७२५ | ४०९८० |
| जम्मा | ३३६३३८७ | | | | |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४०,९८० |

९० **बढी भुक्तानी** (३०५-२०७९-१२-२३):

मालपोत कार्यालय नुवाकोटबाट मोठ तथा तामेली वाइन्डिङ को लागि दररेट माग भएकोमा वि एस जनरल सप्लायर्स ले पुराना ढड्डाहरुको विग्रिएको मर्मत एवं वाइन्डिङ गरी सुरक्षित भण्डारणको लागि तयार गर्न प्रति ढड्डा रु ४४२ भ्याट वाहेकको दररेट पेश गरी कार्य गरेकोमा भूक्तानीको लागि पेश गर्दा मोठ तथा लिखत बाईन्डिङको ४५० संख्याको रु ४४२ को दरमा २,२४,७५७ को विल पेश गरेको साथै मोठ वाइन्डिङको लागि कुट खरिद गरेको विल तृषा फ्लोरिङ एण्ड फर्निशिङ इन्टरप्राइजेज बाट ६० थानको रु ३५७ को दरले रु २१,४२० वढी विल पेश गरी भूक्तानी लगेको वि एस जनरल सप्लायर्स बाट असुल गर्नुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | २१,४२० |

९१ **कार्यविधि विना भुक्तानी** (२९३-२०७९-१२-१४):

जिल्ला स्वास्थ्य कार्यालयबाट प्रति महिला स्वयं सेविकालाइ संघीय सरकारको वजेटवाट रु २०,००० को दरमा ४ जनालाइ ८०००० भूक्तानी गरी खर्च लेखेको छ ।पालिकाले स्पष्ट कार्यविधि वेगर देहायका प्रतिव्यक्ति महिला स्वयम सेवक रु १,५०,००० भूक्तानी गरेको नियमसम्मत नदेखिएको रु

| नाम | रकम | कैफियत |
|---|---|---|
| दुर्गा थपलिया | १५०००० | महिला स्वास्थ्य स्वयंसेविकाहरुलाइ अवकास वापत भूक्तानी दिएको |
| सन्तोषी पण्डित | १५०००० | |
| सिमर्नी राइ | १५०००० | |
| हिरा कुमारी थापा | १५०००० | |
| जम्मा | ६००००० | |

| | |
|---|---|
| अनियमित भएको | ६,००,००० |

९२ **जनप्रतिनिधिको सामाजिक सुरक्षा कर**

**...........***(प्रारम्भिक प्रतिवेदन उपर बेरुजुको प्रमाण पेश भएको आधारमा मिति २०८१।१।२१ को निर्णयबाट रु.४१,२२०। सम्परीक्षण गरिएको ।)*

## अनुसूचीहरू

## अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्षः २०७९/८०

कार्यालय र स्थान: पञ्चकन्या गाउँपालिका, नुवाकोट , पन्चकन्या गाउँपालिका , नुवाकोट

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | राममणी काफ्ले | २०७९-४-१७ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | राम हरि न्यौपाने | २०७३-१२-१८ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरणः

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| १,७५५,५२५ | १०,२५७,३०० | ६,१४३,०९०.८२ | ० | ० | ० |
| **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | | | | | १८,१५५,९१५.८२ |
| **प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.** | | | | | ३,३९०,००२ |
| **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | | | | | ६५,१०० |
| **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | | | | | १४,८३१,०१३.८२ |

स्थानीय तह :

| **गत बर्षको जिम्मेवारी** | | ६१७०१८९८.७१ | |
|---|---|---|---|
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | २६०१६१००० | **चालु खर्च** | २६१८८१०८५.६६ |
| **प्रदेश सरकारबाट अनुदान** | ६५२३१००० | **पूँजीगत खर्च** | १५०९०३५२७ |

| | | | |
|---|---|---|---|
| **राजश्व बाँडफाँट** | ६८५५३९०३ | **वित्तीय/अन्य व्यवस्था** | १६८७५०३६३.८६ |
| **आन्तरिक आय** | ७४७२७१०.३ | | |
| **अन्य आय** | १४७३३४५९१.५१ | | |
| **कुल आय** | ५४८७५३२०४.८१ | **कुल खर्च** | ५८१५३४९७६.५२ |
| **बाँकी मौज्दात** | | २८९२०१२७ | |

**बेरूजु दफा २.१ सँग सम्बन्धित विवरण - अनुसूची -३**

पञ्चकन्या गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय, नुवाकोट
वित्तीय प्रतिवेदन
आ.व. : २०७९/८० अवधी : २०७९/०४/०१ - २०८०/०३/३१

प्राप्ती भुक्तानी हिसाव

| विवरण | टिप्पणी | यस वर्ष रु. | | | | गतवर्ष रु. | | |
|---|---|---|---|---|---|---|---|---|
| | | बजेट | आफैले गरेको प्राप्ति/भुक्तानी | वस्तुगत /सोझै भुक्तानी | जम्मा | आफैले गरेको प्राप्ति/भुक्तानी | वस्तुगत /सोझै भुक्तानी | जम्मा |
| प्राप्ती (क+ख) | | ४४,३५,१२,११२.५१ | ३८,९३,२९,७००.२२ | | ३८,९३,२९,७००.२२ | ३८,६१,३६,२२३.४० | | ३८,६१,३६,२२३.४० |
| क. प्राप्ति (संचित कोषमा आम्दानी बाँधिने) | | ४३,९९,७४,७०४.९६ | ३७,७५,२७,९६५.२२ | ०.०० | ३७,७५,२७,९६५.२२ | ३८,६१,११,२२३.४० | ०.०० | ३८,६१,११,२२३.४० |
| ११०००० कर | ११ | ८,००,३८,०००.०० | ६,९७,००,४८०.०२ | ०.०० | ६,९७,००,४८०.०२ | ६,६८,१२,७६६.४० | ०.०० | ६,६८,१२,७६६.४० |
| १३००० ० अनुदान | | ३४,९३,८५,०००.०० | २९,९२,७५,२९१.१४ | ०.०० | २९,९२,७५,२९१.१४ | ३०,७६,८७,०००.०० | ०.०० | ३०,७६,८७,०००.०० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| संघीय सरकार | १२ | २६,७१,५४,०००.०० | २४,२९,७२,८३७.८४ | ०.०० | २४,२९,७२,८३७.८४ | २५,०८,९२,०००.०० | ०.०० | २५,०८,९२,०००.०० |
| प्रदेश सरकार | १२ | ६,५२,३१,०००.०० | ५,६३,०२,४५३.३० | ०.०० | ५,६३,०२,४५३.३० | ५,५७,९५,०००.०० | ०.०० | ५,५७,९५,०००.०० |
| अन्तरिक श्रोत | | १,७०,००,०००.०० | ०.०० | ०.०० | ०.०० | १०,००,०००.०० | ०.०० | १०,००,०००.०० |
| १४०००० अन्य राजस्व | | १,०५,५१,७०४.९६ | ८५,५२,१९४.०६ | ०.०० | ८५,५२,१९४.०६ | १,१६,११,४५७.०० | ०.०० | १,१६,११,४५७.०० |
| ख. अन्य प्रासि | | ३५,३७,४०७.५५ | १,१८,०१,७३५.०० | | १,१८,०१,७३५.०० | २५,०००.०० | | २५,०००.०० |
| वितरण गर्न बाकी राजस्व | | ०.०० | ८८,५४१.०० | ०.०० | ८८,५४१.०० | २५,०००.०० | ०.०० | २५,०००.०० |
| कोषहरु | | ३५,३७,४०७.५५ | ३०,००,०००.०० | ०.०० | ३०,००,०००.०० | ०.०० | ०.०० | ०.०० |
| धरौटी | | ०.०० | ८७,१३,१९४.०० | ०.०० | ८७,१३,१९४.०० | ०.०० | ०.०० | ०.०० |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० |
| भुक्तानी (ग+घ) | | ४९,७२,०१,९३४.२२ | ४१,९१,२८,८६८.६६ | | ४१,९१,२८,८६८.६६ | ४२,१६,०४,५४५.३३ | | ४२,१६,०४,५४५.३३ |
| ग. भुक्तानी (सञ्चित कोषबाट ) | | ४९,३६,६४,५२६.६७ | ४१,२७,८४,६१२.६६ | | ४१,२७,८४,६१२.६६ | ४२,१५,८१,०४५.३३ | | ४२,१५,८१,०४५.३३ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २१०००० पारिश्रमिक / सुविधा | १८ | ५,१०,३६,०००.०० | ४,८२,२८,०००.६७ | ०.०० | ४,८२,२८,०००.६७ | ३,०८,८९,१९५.०० | ०.०० | ३,०८,८९,१९५.०० |
| २२०००० मालसामान तथा सेवाको उपयोग | १८ | २१,२१,२३,०००.०० | १८,०६,०८,७५५.३२ | ०.०० | १८,०६,०८,७५५.३२ | १३,६२,०८,६१४.०७ | ०.०० | १३,६२,०८,६१४.०७ |
| २५०००० सहायता (Subsidy) | १८ | ६,००,०००.०० | २५,५००.०० | ०.०० | २५,५००.०० | ५,१२,६४२.०० | ०.०० | ५,१२,६४२.०० |
| २६०००० अनुदान | १८ | ०.०० | ०.०० | ०.०० | ०.०० | ३,२६,१९,४१६.२६ | ०.०० | ३,२६,१९,४१६.२६ |
| २७०००० सामाजिक सुरक्षा | १८ | १०,००,०००.०० | १,५४,४२०.०० | ०.०० | १,५४,४२०.०० | ११,०१,५५७.०० | ०.०० | ११,०१,५५७.०० |
| २८०००० अन्य खर्च | १८ | ३,३१,०३,५२६.६७ | ३,२८,६४,४०९.६७ | ०.०० | ३,२८,६४,४०९.६७ | ५,८०,२९,८१८.०० | ०.०० | ५,८०,२९,८१८.०० |
| ३१०००० गैर वित्तीय सम्पत्ती / | १८ | १९,५८,०२,०००.०० | १५,०९,०३,५२७.०० | ०.०० | १५,०९,०३,५२७.०० | १६,२२,१९,८०३.०० | ०.०० | १६,२२,१९,८०३.०० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| पूँजीगत खर्च | | | | | | | | |
| घ. अन्य भूक्तानी | | ३५,३७,४०७.५५ | ६३,४४,२५६.०० | | ६३,४४,२५६.०० | ४२,१६,०४,५४५.३३ | | ४२,१६,०४,५४५.३३ |
| कोषहरु | | ३५,३७,४०७.५५ | ३५,३१,२०६.०० | ०.०० | ३५,३१,२०६.०० | ०.०० | ०.०० | ०.०० |
| धरौटी | | ०.०० | २८,१३,०५०.०० | ०.०० | २८,१३,०५०.०० | २३,५००.०० | ०.०० | २३,५००.०० |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० |
| ङ. यो वर्षको बचत (न्यून ) | | (५,३६,८९,८२१.७१) | (२,९७,९९,१६८.४४) | | (२,९७,९९,१६८.४४) | (३,५४,६८,३२१.९३) | | (३,५४,६८,३२१.९३) |
| च. गतवर्ष को जिम्मेवारी रकम (अ.ल्या) | | | ५,८७,५०,४७६.११ | | ५,८७,५०,४७६.११ | ९,४२,४७,६५४.९९ | | ९,४२,४७,६५४.९९ |
| वर्षान्त को बाकी रकम (ङ + च) | | (५,३६,८९,८२१.७१) | २,८९,५१,३०७.६७ | | २,८९,५१,३०७.६७ | ५,८७,७९,३३३.०६ | | ५,८७,७९,३३३.०६ |
| | | | | | | | | |
| बैंक तथा | २४ | | २,८९,५१,३०७.६७ | | २,८९,५१,३०७.६७ | ६,२२,५१,६५७.०६ | | ६,२२,५१,६५७.०६ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| नगद बाकी | | | | | | | | | |

संपरीक्षणबाट थप भएको बेरूजू

<table>
<tr><th>क्र.सं.</th><th>बेरुजुको विवरण</th><th>रकम</th></tr>
<tr><td>१</td><td>अर्थ मन्त्रालयको कार्यक्रम सञ्चालन निर्देशिका, २०७७ को बुदाँ नं ७.१.१५ को ४(ख) मा कार्यपत्रवापत भूक्तानी गर्न सकिने व्यवस्था छ । सोहि दफाको स्पष्टीकरणमा सम्वन्धित कार्यालयले सञ्चालन गरेको तालिममा सम्वन्धित कार्यालयको श्रोतव्यक्ति भएमा कक्षा लिएवापतको पारिश्रमिक नपाउने तर कार्यपत्र वापतको भूक्तानी पाउने व्यवस्था छ । तर पालिकाले वडा स्तरिय भू उपयोग अभिमुखीकरण तालिममा कार्यालयका कर्मचारीले कार्यपत्र तयारी वापत भत्ता लिईसकेको अवस्थामा विभिन्न ठाउँमा कक्षा सञ्चालन गरी भत्ता लिएको अर्थात् कार्यालयकै श्रोतव्यक्ति सुरेन्द्र कार्किले १० वटा कक्षाको रु ६०० का दरमा ६००० प्रशिक्षण भत्ता भूक्तानी भएकोले नियममा व्यवस्था भए विपरितको कर कट्टि पछिको भूक्तानी सम्वन्धितवाट असुल गर्नुपर्ने रु</td><td>5100.00</td></tr>
<tr><td>२</td><td>एकै व्यक्तिलाई दोहोरो भूक्तानी दिएको : सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ ले लाभग्राहीको नाम दर्ता र नवीकरण, लगत कट्टा तोकिएको मिति भित्रै परिचयपत्र अनिवार्य रुपमा नवीकरण गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने, प्रत्येक बर्ष लगत अध्यावधिक गरी लाभग्राहीको संख्या दोहोरिएको यकिन गर्नुपर्ने, भत्ता वितरण गर्दा बैंक मार्फत भत्ता वितरण गर्नुपर्ने, सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गर्न नियमित रुपमा अनुगमन गर्नुपर्ने, केन्द्रिकृत सूचना प्रणालीमा प्रविष्टी गरि अधावधिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्वन्धित स्थानीय निकायको हुने व्यवस्था रहेकोमा पालिकाले नागरिकता नं अद्यावधिक नगरी एउटै व्यक्तिको नाममा दोहोरो भूक्तानि गएको देखिन्छ । यसरी दोहोरो भूक्तानी गएको रकम एकिन गरी असुल उपर गर्नुपर्ने रु
<table>
<tr><th>परिचय पत्र नं</th><th>दोस्रो परिचय पत्र नं</th><th>नाम</th><th>उमेर</th><th>जन्म मिति</th><th>ना प्र प नं</th><th>जम्मा रकम</th></tr>
<tr><td>2010020600844</td><td>2010020603988</td><td>Bal Kumari Shrestha</td><td>70</td><td>6/2/2010</td><td>555</td><td>१२०००</td></tr>
<tr><td>2008020204567</td><td>2008020304276</td><td>Sabitri Mishra</td><td>72</td><td>3/2/2008</td><td>47118</td><td>१२०००</td></tr>
<tr><td>2010040503012</td><td>2010040511138</td><td>Goma Subedi</td><td>70</td><td>5/4/2010</td><td>43780</td><td>१२०००</td></tr>
<tr><td>2008121043934</td><td>2008021511044</td><td>Sankanchhi Rai</td><td>71</td><td>30-12-2008</td><td>1790</td><td>१२०००</td></tr>
</table>
</td><td>60000.00</td></tr>
</table>

<table>
<tr><th>क.सं.</th><th>बेरुजुको विवरण</th><th>रकम</th></tr>
<tr><td></td><td>
<table>
<tr><td>2004010701431</td><td>2006050711402</td><td>Nani Shrestha</td><td>73</td><td>7/5/2006</td><td>10193483</td><td>१२०००</td></tr>
<tr><td></td><td></td><td>Total</td><td></td><td></td><td></td><td>६००००</td></tr>
</table>
</td><td></td></tr>
</table>